**प्रदेश सभा**

**गण्डकी प्रदेश**

# छैटौं अधिवेशन

# (छत्तिसौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०३।१९ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षता बिहानको ८ बजेर ३३ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । सर्वप्रथम म माननीय आर्थिक मामिला तथा योजनामन्त्री माननीय श्री किरण गुरुङलाई मिति २०७७ साल असार १ गते सभामा प्रस्तुत गर्नुभएको प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७७ माथि विचार गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय आर्थिक तथा योजनामन्त्री किरण गुरुङ**

माननीय सभामुख, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असार १ गते प्रस्तुत भएको प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वय गर्न बनेको विधेयक २०७७, गण्डकी प्रदेश, प्रदेशसभा नियमावली अन्तगत २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयकमाथि विचार गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्दछु ।धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्यहरु अब म प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७७ माथि विचार गरियोस भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ, भन्नुहोला र यस्को विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न, भन्नुहोला । यो प्रस्तावको पक्षमा हुन्छ भन्नुहोस्, । यस्को

विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न, भन्नुहोस् । हुन्न, भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७७ माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृति भएको घोषणा गर्दछु। अब माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७७ असार १ गते प्रदेश सभामा प्रस्तुत गर्नु भएको प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७७ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहानुहुने प्रत्येक माननीय सदस्यको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय श्री दीपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय दीपक कोइराला**

माननीय सभामुख महोदय, नेपालको संविधान भाग १५ मा भएको व्यवस्था अनुसार प्रदेश सरकारको आर्थिक वर्ष २०७७ -७८ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, कर लगाउन तथा राजस्व संकलन र राजस्व प्रशासनलाई व्यवस्थित गर्ने उद्देश्य राखेर प्रस्तुत प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको यस विधेयकले आगामी आर्थिक वर्षमा आन्तरिक राजस्वबाट संकलन गर्ने लक्ष्य राखेको छ। ४ अरव ६० करोड ८५ लाख ६० हजार रुपैयाँ संकलन गरेको छ । आर्थिक रुपले सम्उन्नत प्रदेश निर्माण गर्न अगाडी बढ्ने जुन लक्ष्य छ । त्यो लक्ष्य पुरा हुने विश्वास राख्दै यस विधेयकमा सम्पूर्ण समर्थन व्यक्त गर्दछु ।

सभामुख महोदय, यस विधेयकमा घरजग्गा रहित रजिष्ट्रेसन शुल्क, सवारी शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयाममा कर, पर्यटन शुल्क, प्राकृतिक स्रोतमा शुल्क जस्ता कर अव राजस्व उठाउने शिर्षकदेखि कोभिड–१९ बाट प्रभावमा प्रभावित कारोवारहरुलाई छुट, सहुलियत सम्बन्धी विषेश व्यवस्था समावेश गरिएको छ। ६ वटा अनुसुचीमा माथि उल्लेखित करका शिर्षकहरुलाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने कुरा व्यवस्थित रुपमा राखिएको छ । त्यो सँगसँगै विविधमा २३ वटा बुँदाहरु छन् । जसले प्रदेशका नगरिकहरुलाई कसरी सर्वसुलभ ढंगले आफ्ना कामहरु गतिविधिहरु अगाडी बढाउनको लागि छुट, सहुलियहरु दिन सकिन्छन् भन्ने कुरा धेरै यस्ले समेटेको छ । यस्ले सामुहिक खेती गर्नेदेखि लिएर जनयुद्ध, जनआन्दोलनका घाइते, अपाङ्ग, शहिदका आश्रित पति-पत्नी, छोरा-छोरीको नाम स्वामित्व प्राप्त हुने गरि आउने जमिनमा रजिष्ट्रेसन शुल्क छुट दिइने देखि लिएर यसमा धेरै उद्योग खासगरिकन

अझै ३ सयभन्दा बढी व्यक्तिलाई प्रत्यक्षरुपमा रोजगारी दिने उत्पादन मुलक उद्योग स्थापना गर्न वा विस्तार गर्नकालागि जमिन, जग्गा खरिद गर्नका लागि लाग्ने रजिस्ट्रेसन शुल्कमा लाग्ने ५० प्रतिशत छुट यी र यस्ता धेरै कुराहरु जस्ले हाम्रो प्रदेशलाई एउटा लगानीको केन्द्रको रुपमा वा हामीले विभिन्न ढंगले गरिएका आन्दोलनहरुबाट प्राप्त भएका राजनीतिक, सामाजिक अधिकारहरुलाई कसरी संगठित गर्न सकिन्छ । र त्यो प्रत्याभूती आम प्रदेशवासी नागरिकहरुलाई कसरी गर्न सकिन्छ भनेर धेरै विषयहरु यस्ले समावेश गरेको छ । झण्डै २३ बुँदामा धेरै बुँदाहरुमा यी कुराहरुसंग सम्बन्धीत छन्।

त्यसपछि यो प्रदेशमा यो आर्थिक विधेयकले खासगरिकन यो वर्ष करको दायरा कसरी बढाउन सकिन्छ भन्ने कुरालाई विषेश प्राथामिकतामा राखेको देख्दछु र यस्मा अगिल्लो वर्षभन्दा सामान्यतया कुनैपनि कुराहरुमा कर खासै बढेको देखिदैन । धेरै कुराहरु अगिल्लो वर्षभन्दा यसपटक यातायातमा लाग्ने कतिपय करहरु अगिल्लो आर्थिक वर्षभन्दा कम भएको पनि पाइन्छ । यहाँ अगिल्लो वर्षभन्दा कम करपनि लाएको छ । सामान्यतया वृद्धि गर्नैपर्ने अथवा सामान्यरुपले वृद्धि हुने करबाहेक कुनैपनि करहरु अगिल्लो आर्थिक वर्षको तुलनामा यो वर्ष वृद्धि भएका छैनन् ।

त्यस कारणलेपनि यो वर्ष कोभिड-१९ का कारणले, जसरी कोभिड-१९को कारणले पर्न सक्ने आर्थिक प्रभावलाई कसरी न्यूनीकरण गर्न सकिन्छ, या आम नागरिकहरुले जसरी कोभिड-१९ को कारणले आफ्नो आर्थिक गतिविधीमा जसरी कमी आइरहेको छ । त्यसलाई कसरी हामीले छुट दिन सकिन्छ भन्ने कुरामा नै यो आर्थिक विधेयक बढी केन्द्रित छ । र अघिनै मैले पृष्टभूमीमा भने जस्तै, हाम्रो आगामी आर्थिक वर्षको लक्ष्य पूरा गर्न कसरी सकिन्छ । त्यती हामी कसरी पूरा गर्न सकिन्छ भन्ने कुरालाई विशेष ध्यान दिँदै यसले करको दायरा कसरी वृद्धि गर्न सकिन्छ भन्ने कुरामा विशेष लक्ष्य लिएको मैले अनुभुति गरेको छु ।

त्यसकारणले यसपटकको यो प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक अगिल्लो वर्षको विधेयकभन्दा यो वर्ष अझै प्रगतीशिलरुपमा नै आएको नै म ठान्दछु । त्यसकारण यो विधेयकप्रति पूर्ण समर्थन व्यक्त गर्दछु ।

करको दायरा बढाउन, करको रेटभन्दा पनि, करको दरभन्दापनि करको दायरा नै मैले अगिनै भने करको दायरा कसरी बढाउन सकिन्छ भन्ने यस्ले विशेष ध्यान दिएको छ। प्राकृतिक स्रोतका बारेमा यस्ले जे कुरा भनेको छ । अगिल्ला छलफलहरुमा पनि यो

बारेमा बहसहरु छलफलहरु भए । प्राकृतिक स्रोत साधन, प्राकृतिक स्रोतहरुको कर प्रदेश सरकारले उठाउन सक्छ की सक्दैन या त्यो कसरी त्यो कसरी उठ्दछ, या अहिले केही नेपाल ऐन संसोधनले गरेको व्यवस्था या संविधानले गरेको यो सबै व्यवस्थाहरुलाई मैले एकपटक फेरिपनि हेरे किनकी यो अर्थ तथा विकास समितिको कार्यक्षेत्रभित्रपनि पर्ने भएको हुँदा र हामीले अगिल्लो वर्ष प्राकृतिक स्रोतको बारेमा जसरी क्रसर उद्योग सञ्चालन गर्ने कुरा गर्नुहोस् या नदीजन्य पदार्थहरुको उत्खनन् गर्ने कुराहरुको जुन रुपमा राष्ट्रियरुपमा नै एउटा समस्या आइरहेको छ, त्यसको बारेमा समितिको तर्फबाटपनि हामीले भ्रमण गरेका छौं । त्यतिबेला एउटा सुझावपनि दिएका थियौं ।

त्यसकारणले पनि यस्लाई बढी कसरी व्यवस्थित गर्न सकिन्छ । एकातिर प्रदेश सरकारको आन्तरिक आय कसरी वृद्धि गर्न सकिन्छ भन्ने बारेमापनि यो एउटा छलफलको विषय छ । किनकी आन्तरिक आम्दानी यदी हामी वृद्धि गर्न सक्दैनौं र मेरो विचारमा विस्तारै हाम्रो आफ्नो कार्यकाल, यो सरकारको कार्यकालभित्र या यो कार्यकालभित्र हामीले यो प्रतिशतलाई बढाएर हामीले यो वृद्धि गर्न सकेनौ भने आन्तरिक आय, हामीले भनिराख्या छौ, चालु खर्चमा जे ढंगले वृद्धि भइरहेको छ, किनकी हामी पहिलो पटक प्रदेश सरकार स्थापना गर्दैछौं । त्यस कारणलेपनि धेरै नयाँ संरचनाहरु हामीलाई आवश्यक छ । हिजो मात्रैपनि माननीय मुख्यमन्त्रीज्यूले यसको बारेमा धेरै व्याख्या गर्नुभएको छ ।

त्यसकारण हाम्रो चालु खर्चबाटपनि हामीले उठाउने आन्तरिक राजस्वबाट नै हामीले चालु खर्च सञ्चालन गर्नुपर्ने अवस्था भएको हुँदा यसलाई कसरी वृद्धि गर्न सकिन्छ भन्ने कुरानै खास रुपमानै हामीले अगाडी बढाउन पर्ने हो । त्यो लक्ष्य  यसले समातेको जस्तो मलाई लाग्दछ । यो प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकले त्यो दिशातिर हामीलाई लगेको कुरा नै मलाई लाग्दछ । र प्राकृतिक स्रोतको क्षेत्रमा त्यसकारण मैले सबैतिर हेर्दाखेरि वन क्षेत्र, राष्ट्रिय वनका क्षेत्रहरु र वनजन्य या वनले ओगटेको क्षेत्र वा वनको सिमनाभित्र भएका प्राकृतिक स्रोत साधनको अधिकार प्रदेश सरकारलाई या प्रदेश तहलाई भएको हुँदा यो विषयमा यसलाई यो विषय त्यती विवादित बनाईराख्नुपर्ने विषय हो जस्तो मलाई लाग्दैन ।

मैलेपनि यसबारेमा सर्सती अध्यन गरे र यस्ले यो सँगसँगै म खाली यक्ति कुरा राख्छु की, यो संगसंगै हामीसंग भएका अन्य धेरै प्राकृतिक स्रोत साधनहरु अहिलेपनि यत्तिकै छन् । जुन ठाउँबाट हामीले राजस्व संकलन गर्न सक्दछौं । ती ठाउँहरुको अझै

राजस्व संकलन हुन नसकेको वा राजस्वको दायराभित्र आउन नसकेका ठाउँहरुपनि प्रसस्तै मात्रमा छन् । त्यो कुराहरुलाई खोजी गर्ने कुरा एउटा वहस भइरहेको छ । त्यसलाई पनि त्यो कुराहरुको खोजीपनि त्यसको ढोकापनि त्यसले खोलेको छ भन्ने म ठान्दछु ।

त्यसकारण समग्रतामा हेर्दा प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको जे विधेयक छ । त्यो आजको दिनमा आज जसरी कोभिड-१९ को कारणले हामी प्रभावित छौं । या आजको दिनमा हामी हाम्रो प्रदेशीय संरचनालाई या प्रदेश सरकारलाई, आन्तरिक राजस्वलाई वृछि गर्दै हामी आर्थिक रुपले सवलरुपमा अगाडी जानुपर्ने जे अवस्था छ, त्यो सबै कुराहरुलाई यसले व्यवस्थित ढंगले समेटेर आएको यो प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक त्यो सब्बै कुराहरुलाई समेटेर आजको आवश्यकता पुरा गर्ने गरि आज जे आवश्यकता छ । आजको मात्रै आवश्यकता होइन । मैले धेरैपटक यो मञ्चबाट भनेको छु, कि सरकारले बनाउने नीति, कार्यक्रम या सरकारले ल्याउने बजेट कुनैपनि कुराहरु सरकारले गर्ने कुराहरु एक वर्षको लागि मात्र या आफ्नो कार्यकालको मात्र होइन । यस्ले सय— पचास वर्षसम्मपनि दिशा निर्देश गर्न सक्नुपर्दछ । हरेक कुराहरु, सरकारले जे कुरा प्रस्तावको रुपमा, जे कुरा ऐन, नियमको रुपमा, जे कुरा, जे प्रस्तावहरु आउँदछ ति सबै कुराहरु त्यसले एउटा युगकै नेतृत्व गर्नुपर्दछ ।

त्यसकारण त्यो निश्चितरुपमा सरकारले जे जसरी कामहरु अगाडी बढाई रहेको हुन्छ, त्यसले भविष्यमा दुर भविष्यसम्ममा पनि महत्व राख्ने हुन्छ । त्यसकारण यो प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७७ ले त्यौ सबै कुरालाई दिशा निर्देश गर्दै अगाडी बढ्न प्रसस्त बाटोप्रस्त गरेको छ । र यो आर्थिक वर्षमा पूरा गर्न पर्ने आन्तरिक राजस्व उठाउने कुरालाई यस्ले विशेष ढंगले ध्यान दिएको छ । र कोभिड -१९ को कारणले परेको प्रभावलाई कसरी यसकारणले हाम्रो आर्थिकस्थितिमा कसरी प्रभाव परिरहेको छ । या हाम्रा आम नगरिकहरु व्यापार, उद्योग, कल कारखाना या कृषि या कुनैपनि क्षेत्रमा जे प्रभाव परिरहेको छ, त्यसलाई कसरी माथि उठाउन सकिन्छ भन्ने कुरामा यस्ले विशेष ध्यान दिएको छ ।

त्यसकारण आजको हाम्रो आवश्यकता पूरा गर्ने गरि यो विधेयक आएको छ । त्यसकारण म यो प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

विधेयकप्रति फेरिपनि एकपटक पुन समर्थन व्यक्त गर्दै मेरो भनाई यहीं अन्त्य गर्दछु । धन्यवाद !

**माननीय सभामुख**

माननीय मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मणिभद्र शर्मा**

माननीय सभामुख महोदय, यो उन्नत र सभ्य राष्ट्रहरुले जनतालाई यस्तो आस्वस्त पारेका हुन्छन् की उनीहरु कर तिर्न नपाउँदा छट्पटयाउँछन् । ओहो, मैले कहाँ ठूलो भुल गरे, मैले राज्यले लगाएको दायित्व निर्भाह गर्न सकिन भन्ने फिलिङ, त्यहाँका करदाता र जनतालाई हुन्छ । र त्यो बनाउनका लागि सरकारको दायित्व पनि त्यस्तै हुनुपर्यो । कर असुली गर्ने, सेवा प्रदान नगर्ने हाम्रो प्रणालीमा हामी सचेत हुन पर्छ । सेवा प्रवाहपनि त्यही ढंगको भयो, चुहावटपनि भएन भ्रष्टचारपनि भएन, कर न्यायोचित ढंगले लगाइयो भने जनता कर तिर्न तयार हुन्छन् ।

त्यो वातावरण हामीले क्रियट गर्न सकेऔं कि कसेनौं? हाम्ले तद्अनुरुप काम सकेऔं की सकेनौं, सरकार सञ्चालन गर्दा सम्पूर्ण जनताको सरकार भएको अनुभुत गराउन सकेऔं कि सकेनौं , यो सिमित केही कार्यकर्ताहरुको मात्रै सरकार भयो कि भएन भन्ने विषय बहुत जटिल विषय हो । र त्यसले कर तिर्न मानिसहरु उत्साहित हुने भन्दा, कर छल्ने बाटो रोज्ने प्रवृत्तिले बढी मौका पाउँछ । किनभन्दा पारर्दशिता नभएपछि ढाक छोप गर्न थालेपछि, पक्षपात गर्न थालेपछि त्यस्ता संस्कारहरु स्वतः विकसित हुँदै जान्छन्। यसतर्फ हामी यो करका बारेमा सजग हुनपर्दछ ।

हामीले कर असुली गर्ने कुराहरु, कतिपय कुराहरु होस नपुर्याएका छौं । अहिलेपनि होस् नपुर्याएका छौं । जस्तै यो वनसंग वनका करहरु उठाउने तर वनबाट कर कुनै नियम कानुन हाम्ले बनाएका छैनौं । दहत्तर, बहत्तर कुराहरु ल्याएका छौं, स्थानिय निकायसँग हाम्रो द्वन्द बढ्दै छ । त्यो त्यहाँ समन्वय भएको छैन । गत आर्थिक वर्षमा हामीले ३ सय २७ करोड, ३ अरव २७ करोड सम्थिङ राजस्व कर असुलीको तार्गेट गयौं । असुली भयो १ सय७१, अब अहिले ४ सय करोडको अथवा ४ अरवको तार्जेट गरेका छौं । अव यसमा पनि त्यो ग्यारेन्टी केही छैन । त्यो अनुपात हेर्दा खेरी त्यो ग्यारेन्टी देखिदैन । एक त हाम्रा निर्णयहरु विवादस्पद छन् । हामीले पुर्याउन पर्ने ठाउँमा होस् पुर्याएका छैनौं । दोस्रो कुरा , त्यो ट्रन्डलेपनि यो वताउँछ कि त्यो तार्जेट हुँदैन । त्यो

तार्जेटपनि पुरा हुन सक्दैन । बजेट हामीले पेश गर्छौं । खर्च गर्न सक्दैनौं । खर्च गर्न नसकेसी आर्थिक गतिविधि बढ्दैन । आर्थिक गतिविधि नबढेपछि करपनि स्वतहः खुम्चिने भो ।

त्यस हुनाले यस तर्फपनि हाम्रो गम्भीरता भाको छैन । अब अहिले कमिन्टमेन्ट त यहाँ गरिएको छ । सरकार, मुख्यमन्त्री, मन्त्रीज्यूहरुले हामी प्रथम चौमासिक मै सबै नियम कानुन बनाउँछौं । कार्यविधिहरु बनाउँछौं । अनि दोस्रो चौमासिकको शुरुबाटै खर्च गर्ने प्रणाली बनाउँछौं भन्ने कमिन्टमेन्ट त गर्नुभा छ । त्यस्तै कमिन्टमेन्ट पहिलापनि गर्नुभाको हो । पहिलापनि हामी ढिला खर्च गर्छौं त भन्नु भाको होइन् । तर खर्च ढिलो जेठ, असारमा मात्रै खर्च हुने, भएका खर्चहरुपनि । र त्यसमा पनि कामको ठिक ढंगको असार, हाम्रो खेतीपातीको टाइममा वर्षातका टाइममा गरिएका कामहरुको क्वालिटीपनि नहुने । अनि तुरुन्त पाट्ने, बिग्रनेपनि हुने कामहरु र खर्च त्यही हतार—हतारमा गर्दाखेरी जेपनि हुनसक्ने परिस्थीतीको हामीले भोगीरहेकै छौं ।

अब यो हिजोका दिनका कमिन्टमेन्ट र आजका कमिन्टमेन्टमा के फरक आउँछ त्यो हेरौं । अब कहिलेकाँही एउटा खेतको गह्रामा म सानोमा हलीदाईसित गाको, गोरु खाडलमा खुट्टा फसायो । अनि फर्काएर लिएर आयो फेरि त्यही बाटो निकै पिट्दा खेरिपनि गोरु जान मानेन, गोरु तर्कीयो । अँ त्यस हुनाले अब अहिले होस् पाएर फेरि त्यही बाटो नहिड्यो भने राम्रै हुन्छ । शुभकामना छ ।

अर्को यो बजेट हामीले धेरैपटक भन्यौं । पोके हुनु भएन । बजेट विनियोजनको हामीले पास गर्यौं । बजेट विनियोजनको सिद्धान्तले बजेट ठिक ठिक ढंगले मसिनो किसिमले विनियोजन गर भन्छ तर हाम्रो काममा, ठिक ढंगले विनियोजन भएको छैन। डल्लै—डल्लै राख्ने हामी धेरै पटक करायौं । तर डल्लै राख्ने प्रणालीमा खास सुधार भएन। पोकै राख्ने प्रणालीमा सुधार भएन र अहिलेपनि त्यस्तै किसिमले आएको छ । यो विनियोजन विधेयकको विपरित छ । र यसले हाम्रो अर्थतन्त्र प्रणालीलाई हामीले जुन ढंगले लिएर जान खोज्दै छौं । त्यसलाई ठिक ढंगले दिशा निर्देशन गर्दैनौं भन्ने कुराहरु यो आम बुद्धिजिवीहरुले भन्न थालेका छन् ।

कार्यविधि हाम्ले बनाउँछौं । कार्यविधि बनाउने अधिकार विधेयक मार्फत सरकारले लिन्छ । र कार्यविधि कस्तो ढंगले बन्छ भने केही तार्जेटेड मान्छेहरुलाई लाभ पुग्नेगरि बन्छ । त्यो हाम्ले भोगेका कुरा हुन । ल हामीले यस्तो तपाईहरुलाई यो—यो ढंगले

यो कार्यविधि बनाएर लाभ दिन्छौं है भनेर एउटा मानिसहरुलाई तार्जेट गरेर त्यो निरपक्ष रुपमा होइनकी तार्जेटेड गरेर कसैलाई लक्षित गरेर कार्यविधि बन्छ । र अनि त्यो कार्यविधिले आम जनतालाई समेट्दैन, त्यो पारदर्सिपनि हुँदैन । अनि पब्लिकले कर तिर्न उत्साहितपनि हुँदैन । यस्ता कार्यविधिहरुको अन्त्य गरिनुपर्छ । सरकारलाई कार्यविधि बनाउने अधिकार विधेयक मार्फत सदनले दिएको छ । तर पाएको अधिकार दुरुपयोग गर्ने अधिकार दिएको छैन । पाएको अधिकार सदुपयोग गर्ने अधिकार दिएको छ । त्यस तर्फ हामीले गम्भीरता पाएका छैनौं ।

त्यस्तै गरेर हाइड्रोपावर लगायतका योजनाहरुमा पारदर्शि ढंगले खर्च गर्ने, खर्च गराउने कुराहरु हामीले यहाँ पाएनौं । यि कुराहरु हामीले पहिलापनि बोलेऔं । त्यसो हुनाले यो पनि अलि राम्रोसँग आओस् भन्ने कुरा हो । सेवा प्रदायक निकायहरु, हामी गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेशको सिंगो गण्डकी प्रदेशको अस्तीत्व जोगाउनका लागि सेवा प्रदायक निकाय हामीले  राम्रोसँग विकसित गर्नुपर्दछ । संघिय सरकारबाट पैसा ल्याउने अनि स्थानिय तहका  सरकारहरुलाई खर्च गर्न पठाउने भनेसी हाम्रो काम के भयो?

अव यो प्रणालीको अन्त्य अहिले केही कार्यालयहरु जिल्ला-जिल्लामा जाने कुराहरु कार्यक्रममा सुन्यौं । अव त्यो भयो भने त राम्रै भो । तर हाम्रो काम त भो भने माथीबाट पैसा माग्ने, अनि तलकालाई खर्च गर भनेर पठाउने । हाम्रो अस्तित्व, प्रादेशिक अस्तित्व, संघिय प्रणालीको महत्व दर्शाउन त सबै ठाउँमा हाम्रो आफ्नो किसिमको उपस्थिति, सेवा प्रदायक संस्थाहरुको विकास गर्न जरुरी छ । त्यो भो भने सेवा प्रदायक, सेवाको प्रदान पनि हुन्छ, अनि सेवा प्रदान गरिसकेपछि कर असुल गर्नपनि सजिलो हुन्छ। यो कुरामा हाम्रो अहिले थोरै चासोपनि देखिएको छ । अव त्यसलाई कार्यान्वयन कुन ढंगले हुन्छ, हामी हेर्नपर्ने हुन्छ ।

यसरी सरकारको गण्डकी प्रदेश सरकार आफ्नो खुट्टामा उभिई, उभ्याउनका लागि करका दायराहरु कति फराकिलो गर्दै लिएर जान सकिन्छ ? कति फराकिलो बनाएर जान सकिन्छ ? करका दायराहरु त्यसका बारेमा हामी कत्तिको उत्साहका ढंगले गएका छौं? कतिपय ठुला छलफल र बहस नगरीकन करहरु थोपर्न खोजियो भने फेरि जनतामा विद्रोह हुन सक्छ । सरकारले आफ्ना नीति कार्यक्रमहरु, आफ्ना कानुनहरु फिर्ता लिनपनि बाध्यता पनि आउन सक्छ । त्यसतर्फ यसलाई अलिकति पारदर्शी ढंगले, खुला ढंगले बहस र छलफल गर्न सरोकारवालाहरुसँग राम्रो अन्तरक्रियाहरु गर्ने र करहरु

तोक्ने प्रणाली विकास गर्यौं भने असुलीमा सहज हुन्छ । त्यसतर्फपनि हाम्रो ध्यान कत्तिको पुगेको छ । हामीले त्यो पाएका छैनौं ।

त्यसतर्फ सरकार गम्भीर होस् भन्दै कर असुल्ने र सेवा प्रदान गर्ने कुरा यो सरकारलाई असल म्यानेजर भनिन्छ । यदी, ठिक ढंगले करपनि लियो र ठिक ढंगले सेवा प्रदानपनि गर्यो । मैले अगाडी नै यूरोपियन देशहरुको बारेमा भने, त्यहाँका मानिसहरु कर तिर्न आफै आतुर हुन्छन् । त्यो व्यवस्था, त्यो ढंगको वतावरण बनाउने दायित्व सरकारको हो । त्यस्तो वातावरण बनाउन सरकार अहिलेसम्म सफल नभएको अवस्था छ । मैले त्यो सफलताको शुभकामना पनि गर्दै आफ्ना भनाईहरु अन्त्य गर्दछु । धन्यवाद ! जय नेपाल !

**माननीय सभामुख**

माननीय श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, यतिबेला हामी प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक उपर सैद्धान्तिक छलफलमा जुटिरहेका छौं ।

हामीलाई के थाहा छ भने , के अनुभुत छ भने, ‘कर डरले होइन रहरले तिर्ने वातावरण व्यवस्था हुनु पर्छ । वातावरण तयार हुनुपर्छ । कर तिरिसकेपछि ती जनताहरुले पाउने सेवा, सुविधा, कर तिरेको दायित्व निर्भाह गरे वापत उनीहरु अधिकार प्राप्त गर्नेपनि कुराकोपनि सुनिस्चित हुनुपर्छ । त्यो हामीलाई त्यो विश्वास छ । यो कर अहिले जतिपनि करहरुको वृद्धि गरिरहेको छ । कर उठाईरहिएको छ । त्यो करको सहि सदुपयोग भयो कि भएन ? भन्ने कुरा प्रधानपक्ष हो जस्तो मलाई लाग्छ । त्यो कर उठाइए वापत, त्यो कर उठाएर त्यसको सहि सदुपयोग अहिलेका अवस्थामा, वर्तमान अवस्थामा भएको छ की छैन् ? त्यो मुख्य कुरा हो जस्तो मलाई लाग्छ । अहिले जतिपनि कर ’जनता करको भारीमा, अनि मन्त्री, प्रधानमन्त्री, पदाधीकारीहरु विलासी गाडीमा त्यो प्रावधानले गर्दाखेरी जनताहरुले सहजैरुपमा कर तिर्नुपर्छ मैले यो दायित्व निर्भाह गर्नुपर्छ भन्ने कुरामा उहाँहरुको चासो घटीरहेको अवस्थामा यि र यस्ता विषयमा हाम्रो सरकारलेपनि, यो प्रदेश सरकारले ध्यान दिनुपर्छ, मैले यो अनुभुती गरेको छु र यो अनुरोध गर्न चाहान्छु ।

यो सर्वप्रथम त संघिय प्रणाली अत्यन्तै बोझिलो, खर्चिलो प्रणाली हो । हाम्रोजस्तो देश जहाँ चालु खर्चको समेत धान्नका लागि ऋणको याचना गरिरहेका हुन्छौं । अझ यो संघियता हाम्रा लागि त झन अभिसाफनै हो । यस्को दुस्परिणामहरु सतमा देखिँदै आएको छ । यस्लाई नजरअन्दाज गर्नु, नजरअन्दाज गरिरहेका छौं । जो अत्यन्तै दुःखद पक्ष हो । संघिय व्यवस्थालाई टिकाउनका निमित्त जनताहरुमाथि अनियन्त्रीत करका दायारा बढाइएको छ । कृषि आयमा लगाइएको कृषकमा तथा उपभोक्तामारा करपनि यसको ज्वलन्त उदाहरण हो । कृषकका लागि प्रोहोत्साहनका लागि के गर्न नपर्ने, पर्याप्त सब्सीडीदिन नपर्नी, अहिलेको कोभिडको अवस्थामा रोजगारीको महत्वपूर्ण आधार कृषि हो ।

यसलाई बढवा दिन कृषिप्रति जनशक्ति आर्कषित गर्न आवश्यक लगानी गर्नुपर्ने अवस्थामा कृषकलाई करको भारी बोकाइएपछि अनि कसरी कृषि अर्थतन्त्र बलियो बन्न सक्छ ? कृषि आयमा लगाइने करको सोझो सम्बन्ध जनताहरुको चुल्होसँग जोडिएको छ । यसको सोझो सम्बन्ध आम नेपाली जनताहरुको, यो प्रदेशवासी जनताहरुको चुल्हो बल्नेसँग जोडिएको छ । त्यसकारणले गर्दाखेरी अहिले जतिपनि खाद्य पदार्थहरुको मूल्य वृद्धि भइरहने कृषि प्रदान देशहरुका लागि अत्यन्तै लज्जाको विषय हो ।

त्यसकारणले गर्दाखेरी कृषि आयमा कर लगाइनु हुँदैन मेरो दृढ मत रहेको छ । यो दफा १३ मा जुन व्यवस्था रहेको छ । छुट सहुलियत सम्बन्धी व्यवस्था, सवारी साधन सम्बन्धी करमा कर छुट गरिनुपर्छ । लकडाउनको अवधीभरका लागि निश्चित प्रतिशत छुट, लकडाउनभरि निजीबाहेक अन्य सवारी साधनहरु ठप्प भएका छन् । आम्दानी शून्य भएको परिस्थितीमा विशेष समयको अवस्था तोकी कर छुट दिनुपर्ने तर छुट तथा सहुलियत दिने भनेर यो कर तिर्न आउनका लागि समयमात्र हामीले पर सारेर पुग्दैन ।

समयमात्रै पर सारेर सहुलियत भयो त ? अहिले यो सवारी साधनहरु, यो भाडामा चल्ने सवारी साधनहरुको अवस्था कम्ती विजोग छ । यस्तो अवस्थामा कर छुट दिएर उहाँहरुलाई प्रोहोत्साहन गर्ने सन्दर्भमा, त्यो काम अगाडी बढाउने कुरामा, ध्यान दिनुपर्ने कुरामा त उल्टो कर छुट छैन, त्यसको लागि समयमात्रै पर सारेर त्यो समस्याको समाधान हुँदैन । त्यसकारणले गर्दा निश्चित प्रतिशत कर छुट गर्नु पर्छ मेरो मान्यता त्यो छ ।

यो करको नाम प्रगतीशिल तर काम प्रगतीशिल भएन । निजी सम्पत्तीभित्रपनि अंशबण्डा भएपछिको कर स्वभाविक र अस्वभनिय हुँदैनकी जस्तो लाग्छ । यो स्वभनिय हुँदैन की जस्तो लाग्छ । संगोलमा तिरीने फेरि अंशवण्डा भएपछि तिरीने दोहोरो कर तिर्नुपर्ने व्यवस्था जायज छैन । अनुशुची १ को ४ र ५ को व्यवस्थालाई विचार गर्नुपर्छ मेरो राय छ ।

यो प्राक्रितिक स्रोत उठाउने विषयमा क्रसर उद्योगहरुको नियमनको कुरा छ । आज क्रसर उद्योगहरु मपदण्ड अनुरुप चलेका छन्की छैनन् ? मलाई लाग्छ गण्डकी प्रदेशमा सम्भतः एउटामात्र, एउटापनि क्रसर उद्योगहरु मपदण्ड अनुरुप चलेका छैनन्। यसो हुनु पछाडी कति ठूलो शक्तिले काम गरेको छ होला भन्ने सहजै अनुमा गर्न सकिन्छ । त्यसकारण सबैभन्दा बढी स्रोत साधन दोहन हुने यि क्रसर उद्योगलाई नियमन गर्ने र त्यहाँबाट कर असुल गर्ने विषयमा यो प्रदेश सरकारले महत्वपूर्ण भूमिका निर्भाह गर्नुपर्छ भन्ने मैले यो सुझाव दिन चाहान्छु । पर्यटन व्यवसायीहरु सबैभन्दा ठूलो मारमा परेका छन् । यसको असर यो कोभिड नियन्त्रण भइसकेपनि लामो समयसम्म रहने छ । विश्व सामान्य अवस्था सहजै आउन सक्ने अवस्था छैन । पर्यटन व्यवसायीहरुलाई खास प्रकारको कर छुटमा सहुलियतको व्यवस्था देखिएको छैन । अहिलेको अवस्था भने रक्षात्मक हो । यो पर्यटन क्षेत्रलाई रक्षा गर्ने, र यस्लाई बचाउने अवस्था हो । त्यसकारणले यस विषयमा यो विधेयकले खास केही बोलेको छैन ।

त्यसकारणले गर्दा यो रक्षात्मक अवस्थामा रहेको पर्यटन व्यवसायलाईपनि हामीले त्यसलाई संरक्षण गर्ने, त्यसलाई लगानी गर्ने सहुलियत दिने, छुट दिने विषयमा ध्यान दिनुपर्छ भन्ने मैले अनुरोध गर्न चाहान्छु । र यो विद्युतिय साधनहरुमा जुनप्रकारको यहाँ हामीले प्रदेशमा छुट दिने कुरा गरिरहेका छौं, सहुलियत दिने कुरा गरेका छौं । यो अत्यन्तै राम्रो कुरा हो । तर यसको आगमनस्थलमा यो गाडी सहजै आउन सक्ने अवस्था छ की छैन ? त्यसको पनि पुर्नविचार गर्नुपर्छ । मैले यति भन्दै आफ्ना भनाईहरु यही अन्त्य गर्ने अनुमती चाहान्छु । धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्यहरु, अव माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङलाई प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७७ को छलफलमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङ**

माननीय सभामुख महोदय, हामी आगामी आर्थिक वर्षको बजेट पारित गर्ने अन्तिम अवस्थामा छौं । आर्थिक विधेयकसम्बन्धी हामीले छलफल गरिरहेका छौं । र यसमा भाग लिने सहभागिहरु माननीय सदस्यहरुले जुन कुरा उठाउनु भएको छ, म सबै उहाँहरुको सुझावलाई सकारात्मक ढंगले लिन चाहान्छु । र उहाँहरुले शब्दमा भन्दापनि सारभुतमा हामीले जहिलेपनि बजेट विनियोजन गर्दा विनियोजित हुने बजेटको स्रोतको सुनिस्चितता हामीले गर्नुपर्छ । यसै सन्र्धभमा उहाँहरुले सुझाव दिनुभएको छ। कल्पना गरौं, र त्यसमा पनि म एउटा कम्युनिष्ट पार्टीको एउटा सदस्य भएको हुँदा कम्युनिष्टहरुले कल्पना गरेको साम्यवादलाई एकपटक स्मरण गर्ने हो भने साम्यवादमा सरकार पनि हुँदैन, प्रहरी प्रशासनपनि हुँदैन, कर लिनपनि पर्दैन, कर उठाउन पनि पर्दैन ।

अत्यन्त सुन्दर कल्पना हामीले गरेका छौं । यस्तो भैदियो भने राम्रो हुन्छ । तर हामी त्यो अवस्थामा पुगेका छैनौं । र अहिलेको अवस्था भनेको जति धेरै हामीले करको संकलन गर्न सक्छौं । त्यती नै विकास निर्माणका कामहरु अगाडी बढाउन सक्छौं । र यसैले हामीले अहिले, हाम्रो यो प्रदेशको आम्दनीको स्रोत भनेको, बजेटको स्रोत भनेको संघले प्रदान गर्ने वित्तिय समानिकरण अनुदान, यहाँ अलि ध्यान दिनुपर्ने कुरा अनुदान भनेर भनिएको छ । सबैलाई अनुदान भनिएको छ । वित्तिय समानिकरण अनुदान विशेष अनुदान, समपुरक अनुदान, ससर्त अनुदान र राजस्व बाँडफाँड भनेर हामीलाई प्राप्त हुन्छ र यो अनुदान भनेपनि कसैको दया मायाको, संघ सरकारको दया-मायाले दिने होइन । त्यो हाम्रो आफ्नै हिस्सा हो । यो कुरापनि हामीले बुझ्न जरुरी छ । धेरैले यि कुरा नबुझेका कारण संघमै भर पर्ने संघ सरकारमै भर पर्ने भनेर भनिन्छ, त्यो होइन । हामीले जुन वित्तिय समानिकरण अनुदान प्राप्त गर्छौं। विशेष अनुदान प्राप्त गर्छौं । ससर्त अनुदान प्राप्त गर्छौं ।

राजस्व बाँडफाँड भनेर हामीले जे जती अनुदान प्राप्त गर्छौं, त्यो हाम्रो आफ्नो हिस्सा हो। र त्यो बाँडफाँड गर्ने सिद्धान्त भनेको यहाँका जनताको जनसंख्याको आधारमा, यहाँको उपभोगको आधारमा, यहाँको लगानीको आधारमा त्यो तय हुन्छ । यसको अर्थ के हो त भन्दा हाम्रो जनसंख्या कति छ ?, त्यो जनसंख्याले कर, गैरकरको नामबाट राजस्व जति संकलन गर्छौं हामी, त्यो संकलन गरेको केही ठूलो हिस्सा संघ सरकारले राख्छ । र बाँकी हिस्सा प्रदेश सरकारलाई र विभिन्न अनुदानको नाममा दिइने एउटा व्यवस्था गरिएको छ । त्यसले गर्दा खेरि हामीलाई के लाग्न सक्छ त भन्दा हामी त अनुदान

नै अनुदानमा केन्द्रिय सरकारमा हामीले भर परेका छौं भनेर भन्छौं त्यो गलत हो । त्यो हाम्रो अधिकार हो, त्यो बाँडफाँड हो ।संघियता भनेको नै सबै यो बाँडफाँड, हाम्रो अधिकार, हामीले प्राप्त गर्ने हाम्रो हिस्सा हो । त्यसले गर्दाखेरी त्यसरी हामीले बुझ्न जरुरी हुन्छ भन्ने मलाई लाग्छ । त्यसले गर्दा खेरि एउटा त्यो भयो । र त्यसबाहेक, हामीलाई दिइएको, राजस्व संकलन गर्न दिइएको हाम्रो आफ्नै क्षेत्र छ । संघले राजस्व संकलन गर्ने र त्यो संकलन भएको कर, गैर कर गरेर समग्र राजस्व जुन संकलन हुन्छ। त्यो संकलन अघिनै मैले भने विभिन्न अनुदानको रुपमा हामीलाई प्राप्त हुन्छ । त्यसको ठूलो हिस्सा संघ सरकारले राख्छ ।

हामीले भनेका छौं । त्यो ठूलो हिस्सा संघ सरकारले राख्नु हुँदैन, प्रदेश सरकारलाई दिनुपर्छ, स्थानिय सरकारलाई दिनुपर्छ हामीले भनिरहेका छौ । तर पनि हामी संघीयतको प्रारम्भीक अवस्थामा नी हामी छौं । अव सबै कुराहरु सुरुवातबाट नै त्यो सबै कुराहरु त्यो हुन्छ भन्ने हामीलाई लाग्दैन । र सबै विकास निर्माणका कामहरु, कामहरु भनेको कहिल्यै सकिदैनन् । एउटा सकिए अर्को देखा पर्छ । त्यो निरन्तरता हो । विकास भनेको कुरापनि कहिल्यै सकिदैन । जवसम्म यो समाज रहन्छ, विकास निर्माणको काम भइरहन्छ, खर्चको काम भइरहेको हुन्छ । आम्दानीको कामपनि हुनेनै गर्छ भन्ने हामीले बुझ्न जरुरी हुन्छ ।

त्यसले गर्दाखेरी हामीले प्राप्त गरेको हाम्रो जुन आन्तरिक स्रोत, हामी आफैले उठाउने, हामीले उठाएका केही प्रतिशत फेरि संघ सरकारलाई पनि पठाउनुपर्ने हुन्छ, केही स्थानिय तहलाई पनि पठाउनु पर्ने हुन्छ । त्यस्ता स्रोतहरुपनि हुन सक्छन् । हुन्छन्। त्यसकारणले कुनै हाम्रो एकलौटी अधिकार भने कृषि आयमा कर भन्ने छ त्यो हाम्रो एकलौटी हो । जुन हामीले कसैलाईपनि दिन पर्दैन । र अघि माननीयज्यूले पनि भन्नुभयो, कृषि आयमा कर भन्नु र किसानहरुलाई सुविधा दिनु, किसानहरुको आयमा कर लगाउने भन्ने कुरा होइन् ।

त्यसैले हामीले के भनेका छौं भन्दा कम्तीमा १० लाखभन्दा बढी आय गर्ने, आय भनेको व्यापार गरेर उस्ले आय, आयकर भनेको व्यापार गरेर हुनी नाफाबाट लिने कुरा हो । १० आय गर्छ, उसले नाफा गर्छ र उसले नाफा गरेर यती कमाए भन्छ भने उस्ले तिर्ने त्यस्ता खालको छन् भने उनीहरु कुनै किसान होइन, उनीहरु किसानको तहमा उनीहरु रहँदैनन् । त्यो कृषि भनेको कुनै व्यवसायिक ढंगले आर्जन गरेको हुन सक्छ।

त्यसले गर्दाखेरी हामीले त्यो लगाएपनि अहिलेसम्म अव त्यस्तो अवस्थामा हामी पुगिसकेको अवस्थानि छै र अहिलेसम्म हामीले त्यसरी प्राप्त गर्नपनि सकेका छैनौं ।

त्यसकारणले गर्दाखेरी हामीले के कुरा बुझ्न जरुरी छ भन्दाखेरी कृषि आयमा कर भने त्यो संस्थागत आयमा कर हो । आयकरपनि अव दुई खालको हुन्छ । एउटा निजी व्यक्तिगत आयकर हुन्छ । अर्को विभिन्न व्यवसायीहरुले चलाउनेलाई आयकर भनिन्छ। र कृषिमा त्यस्तो खालको उत्पादन भएको पनि छैन । त्यसकारण त्यो राखिएपनि अहिलेसम्म हामीलाई त्यो प्राप्त नहुँदा त्यो शून्य नै रहेको छ । यसले गर्दा अव हामीले जहाँसम्म अव करको कुरा गर्दाखेरि करले भनेर भनिन्छ नी, डरले भन्ने हुन्छ नी त, डरले भन्ने त हुनुनैपर्छ । मैले कर तिरिन, मैले आफ्नो नागरिकताको जिम्मेवारी पुरा गरिन भन्ने डर त हुनुपर्यो । मैले आफ्नो कर्तव्य विर्सिइराखेको छु । मैले कर तिर्नुपर्छ, म असल नागरिक बन्नुपर्छ, भन्ने त्यो डर त्यो भावना, त्यो बुझाई हामीमा नहुने हो भने हामीले कहिल्यै कर तिर्नपनि तिर्दैनौं । र कहिल्यैपनि स्वच्छाले भनौं न । स्वच्छाले दिने भनेको त दान हो । दान दिएर त कहिल्यैपनि चल्दैन । यो मुलुक कहिल्यैपनि चलेको छैन । दानविरहरु त नेपालमा र हाम्रो मुलुकमा मलाई लाग्छ हाम्रा बाउ—बाजेहरु जस्तो दानविरहरु कोहीपनि थिएनन् । अहिले यज्ञ, महायज्ञ लगाउने हो भने दान दिनेहरुको भिड लाग्छ । के त्यो दानले चल्छ र ? मुलुक चलेको छ ? सबभन्दा दानविरहरु हाम्रै यही क्षेत्रमा जन्मिएका थिए । त्यसकारणले दानले समाज कहिल्यैपनि अगाडी बढ्दैन । र समाज अगाडी बढाउने हो भने आधुनिक समाज हामीले निर्माण गर्ने हो भने करमा नै भर पर्नपर्ने हुन्छ, कर उठाउन पर्ने हुन्छ । राजस्व संकलन गर्न पर्ने हुन्छ ।

त्यसलाई प्रगतीशिल ढंगले हामीले लगाउने हो । त्यसमा म सहमत छु । दायरा बढाउने कुरा ठिक छ सबैलाई दायरा बढाउने भन्नुको अर्थ भनेको सबैलाई अव करको दायराभित्र ल्याउनुपर्छ । अब कोहीपनि छुट्नु हुँदैन । कुनैपनि व्यवसाय, कुनैपनि सानो होस्की ठूलो होस् सबै करको दायराभित्र आउन पर्छ । जसको जति आम्दानी हुन्छ । जसले जति कमाउछ त्यसको निश्चित हिस्सा अब राज्यलाई बुझाउनुपर्छ र मात्रै राज्यप्रतिको नागरिकको दायित्व पुरा हुन्छ भन्ने कुरा हामीले बुझ्न जरुरी छ । त्यो सिकाउन जरुरी छ । र मात्रै हामी आधुनिक समाजमा, आधुनिक एउटा हामीले परिकल्पना गरेको समाजवादमा हामी पुग्न सक्छौं ।

यदि हामी राज्यलाई पनि नतिर्ने, कसैलाई नी नतिर्ने, जति कमाउछ्छ त्यती आफूले मोजमज्जा गर्ने, आफैले मात्रै राख्ने भन्ने जब हामीमा सोच हुन्छ । त्यसबेला कहिल्यै पनि समाजवाद आउँदैन । त्यसकारण कर तिर्नु भनेको त्यो समाजलाई, राज्यलाई तिर्नु हो । त्यो सामूहिक ढंगले खर्च हुन्छ भन्ने कुरा हामीले जान्न पर्छ । त्यो मन्त्रीहरुले मात्रै खान्छन् । त्यो सांसदहरुले मात्रै खान्छन् । र, त्यो जनप्रतिनिधिहरुले मात्रै खान्छ । त्यो सेवा सुविधामा मात्र जान्छ । कर्मचारीहरुले मात्र खान्छ । भनेर निहुँ निकालेर हामीले, निहु बनाएर हामीले राजस्व म तिर्दिन ।

राजस्व तिर्न हुँदैन । भन्ने खालको सोच बनाउनु अहिले अव अहिले जुन खालको सोचबाट केही अझै पनि हाम्रो हिस्सा ग्रसित छन्, त्यहाँबाट हामीले मुक्त गराउनुपर्छकी राज्यका निम्ति हामीले जे पनि गर्नुपर्छ । निजी क्षेत्रमा हामीले लगानी गरेको, हामीले प्राप्त गरेको जे जति हामीले प्राप्त गर्छौं । त्यसको नाफा, त्यसको हिस्सा हामीले कमाएको नाफा, हामीले बाँचेको जुन हिस्सा छ, त्यही हिस्सा राज्यलाई दिनुपर्छ भन्ने कुरामा त हामी दुई मत नै राख्नु हुँदैन। विवाद गर्न हुँदैन । किनकि यो जमिन, हामीले जे कमाउँछौं, जे उत्पादन गर्छौं, त्यो सबैको साझा हो ।

साझा भन्नुको अर्थ भनेको त्यो राज्यको हो । राज्यले प्राप्त गर्नुपर्छ। लालपुर्जा हाम्रो होला । तर लालपुर्जा हाम्रो भए पनि त्यो हाम्रो बाउ—बाजेले बनाएको जमिन होइन । किनकि त्यो पृथ्वी धर्ती भनेको हिजैदेखि थियो । अहिले कानुनले मात्रै लाल पुर्जा बनाएर हाम्रो भनेको हो । त्यसकारणले गर्दाखेरि त्यसको वापत, त्यसको पृथ्वी, धर्ती यो, र अहिले देश भनेर भनेका छौं, सिमाना, भूगोल भनेर जुन भनेका छौं, जन्ता भनेर हामीले जुन विभाजन गरेका छौं । जुन कुरालाई सुव्यवस्था गर्ने ढंगले राज्य व्यवस्था प्रणाली हामीले अपनाएका छौं भने त्यो व्यवस्थाको अधिनमा हुन्छ । त्यसको मालिक भनेको नै राज्य हो । हाम्रो सबै कुराको हावा, पानी, वातावरणदेखि लिएर जग्गा, जमिन, खानी, उद्योग सबै कुराहरुको हामीले बाँच्नका लागि जुन मिहिनेत गर्छौं ती सबै साधनहरु राज्यको हो । र यसबाट मात्रै हामी समाजवादमा जान सक्छौं । र यो कुरा हामीले बुझिराखेका छौं । यसकारणले गर्दाखेरि मैले यहाँहरुलाई यही निवेदन गरे ।

कि हामीले अहिले अव धेरै विवादहरु छन् । ढुंगा, गिट्टी, बालुवाका बारेमा विवाद छ। हामीले सरोकारवालाहरुसँगपनि हामीले धेरैपटक छलफल गर्यौं । र अझैपनि ढुंगा, गिट्टी, बालुवाको बारेमा त्यसको सबै तय गर्ने शुल्क तय गर्ने, रेट तय गर्ने काम प्रदेश सरकारले नै गर्छ । तर अहिले नेपाल कानुन संसोधनले त्यहाँ एउटा के गरिएको छ त

भन्दा स्थानिय तहले आफ्नो सार्वजनिक र ऐलानी जग्गामा ढुंगा, गिट्टी, बालुवा संकलन गर्न सक्ने छ र त्यसरी संकलन गर्दा शूल्क लिन सक्ने छ र त्यो शूल्क स्थानिय कोषमा नै जम्मा गर्नपर्नेछ भनेर एउटा संसोधनको व्यवस्थाले गर्दा अहिले त्यो विवादको स्थितीमा पुगेको हो ।

अन्य कानुनहरु भने जस्ताको तस्तै छन् । ति कानुनले के भन्छ भन्दाखेरी जम्मै त्यसको रेट, सबै दर, सबै संकलन गर्ने, जम्मै अधिकार प्रदेश सरकारलाई छ पनि भन्छ। अनि ६०—४० जसले संकलन गर्छ । स्थानीय तहले संकलन गर्छ । संकलन गर्नेले ६० राख्छ । ४० प्रदेशलाई बुझाउनुपर्छ भन्ने कुरा पनि छ । त्यो नभएको होइन, त्यो सबै हटेको पनि छैन फेरि । तर नेपाल कानुन संशोधनमा एउटा त्यो स्थानिय कोषमा नै ईराज्य कोषमा भनेर भन्दिएको भए अर्को हुन्थ्यो, स्थानीय कोषमा नै त्यो संकलन गर्नेछ भन्दियो । त्यसले गर्दा त्यो व्यवस्था भएको कारणले गर्दाखेरि अहिले त्यो विवादको विषय बनेको हो । र त्यती हुँदा हुँदै पनि अब हामीले आफ्ना आन्तरिक स्रोतलाई हामीले मजबुत बनाउन पर्छ । मजबुत नबनाउने हो भने हाम्रो प्रदेश सरकारको औचित्य रहँदैन । स्थानिय तहको पनि औचित्य रहँदैन । संघबाट जे जति संकलन हुँदै आइरहेको छ । त्यसमा मात्रै भर पर्ने होइन कि अहिले हामीलाई दिइएको अधिकार क्षेत्रभित्र कहाँ—कहाँ, कुन—कुन ठाउँबाट सबै क्षेत्रबाट भनौं न । सबै क्षेत्रमा सबै हाम्रा उत्पादनसँग गाँसिएका, हाम्रो व्यवसायसँग गाँसिएका सबै हाम्रा क्षेत्रहरुलाई अब करको दायराभित्र ल्याउन पर्छ । प्रत्येक नागरिकलाई पनि अब करको दायराभित्र ल्याउनुपर्छ । आधुनिक समाजमा त्यो हुन्छ ।

त्यस कारणले गर्दाखेरि प्रेयत्न स्वरुप हामीले थालनी गर्दैछौं । र यसका निम्ति हामीले अब हाम्रा वन क्षेत्र भनेर भनिएको छ । राष्ट्रिय वन भनेको त्यो प्रदेशको अधिकार क्षेत्रभित्रको हो । त्यसैले अहिले समुदाय भन्दा सामुदायिक वन भनिन्छ । त्यो सामुदायिक वनपनि राष्ट्रिय वन हो । त्यो त समुदायलाई व्यवस्थापन गर्नका निम्ती जिम्मा मात्रै दिएको हो समुदायलाई । कुनैपनि निकुञ्जहरु, आरक्षहरु जुन संघ सरकारलाई अधिनभित्र छ । त्यसलाई व्यवस्थापन गर्नका निम्ती भनेर समुदायलाई दिन मिल्दैन । अहिले समुदायलाई दिइएको सबै वन भनेको राष्ट्रिय वन अन्तरगत पर्छ। त्यसैले हामीले त्यो क्षेत्रभित्र अव हामीले आय स्रोत बढाउने कि नबढाउने ? हाम्रा आवश्यकताहरुलाई हामीले अगाडी बढाउने की नबढाउने ? हाम्रा खानीजन्य भनेर भनेका छौं, सुन, फलाम, हिरा, मोतीका खानीको कुरामात्रै होइन, हामीसँग भएको सजिलै

हामीले उत्पादन गर्ने सक्ने, उत्खनन् गर्न सक्ने भने ढुंगा, गिट्टी, बालुवा पनि हो । त्यो पनि प्राकृतिक स्रोत हो । त्यो साधन अन्तगत पर्छ । त्यो हाम्रो अधिकारक्षेत्र भित्र पर्छ भने, त्यसबाट हामीले ढुंगा गिट्टी, बालुवा हामीले निकाल्ने की ननिकाल्ने ? त्यसमा हामीले निकालेकोमा कर लगाउन सक्ने की नसक्ने? भन्दा हामीले सक्छौं । ठिक छ त्यो विवाद छ, शुरुवात त गर्नुपर्यो । विवाद त हुन्छ भनेर चुप लागेर बसेर त भएन सहमती गर्न पर्यो । स्थानिय तहसँग पनि कुराकानी गर्न पर्यो ।

नयाँ क्षेत्र हुन सक्छन्। ल ठिक छ अहिले स्थानिय तहले जहाँ जहाँ झिकिराख्या छ त्यो स्थानियतहको हुन सक्छ भने अहिले स्थानिय तहलेपनि नझिकेका ठाउँहरु हुनसक्छन्। वन क्षेत्र हुन सक्छन् । हाम्रो कार्य क्षेत्रभित्र, अधिकार क्षेत्रभित्रका त्यस्ता ठाउँ छन् भने हामीले ढुंगा गिट्टी, बालुवा किन ननिकाल्ने ? वातावरणलाई असर नपर्ने गरि जसरी अहिलेढुंगा गिट्टी, बालुवा निकालिएको छ त्यहीरुपमा हामीले विकास गर्ने कि नगर्ने ?हामीले कुनै त्यस्ता क्षेत्रहरुलाई हामीले छुटयाउने कि नछुटेयाउने ? छुटयाउनुपर्छ, अब हामीले सोच्नुपर्छ । कुनै त्यस्ता पहाडहरु छन् भनेपनि त्यस्ता केही छन् भनेपनि त्यसलाई अव हामीले उत्खनन् गरेर त्यसलाई केही गर्नुपर्छ भन्ने हामीले सोच नबनाउने हो भने मलाई लाग्छ हामी अगाडी बढ्न सक्दैनौं ।

त्यसले गर्दाखेरि त्यो सोच पनि बनाउन पर्छ भन्ने लागेर हामीले विस्तारै—विस्तारै यसलाई एकैपटक गर्न सकिदैन विस्तारै—विस्तारै यसलाई कार्यान्वयन गर्न पर्छ भनेर हामीले गरेका छौं । अहिलेपनि यो क्षेत्र हामीले कार्यविधि बनाएका छौं । कार्याविधि लागु हुन सक्या छैन । कडाईका साथ त्यसलाई नियमन गर्न सकिएको छैन, अनुगमन गर्न सकिएको छैन । कारवाही गर्न सकिएको छैन । विविध खालको विश्रृङ्खलताहरु अहिले हामीले देख्न सक्छौं । जस्तो कि अहिले विभिन्न खालको प्रोजेक्ट सञ्चालन गर्ने भनेर क्रसर उद्योगहरु सञ्चालन भएका छन् । जस्तो उदाहरणका निम्ती एयरपोर्टको निर्माण गर्ने अन्तराष्ट्रिय एयरपोर्ट निर्माण गर्ने भनेर धेरै त्यस्ता क्रसर उद्योगहरु दर्ता भएका छन्। तर कानुनले के भन्छ त भन्दाखेरि ति ठाउँमा मात्रै उनीहरुले ढुंगा गिट्टी, बालुवा आपुर्ती गर्नपर्ने हो तर अहिले आएर उनीहरुले खुला रुपमा खुला ढंगले बाहिरपनि बेचि रहेको त्यहाँका क्रसर उद्योग व्यवसायीहरुले भन्छन ।

हामी त मारमा पर्यौं । त्यसलाई नियमन गर्नपर्ने छ । नियमन गर्नका निम्ती स्थानियतहसँग मिलेर नियमन गर्नपर्ने जरुरी छ । हामीले मात्र, प्रदेश सरकारले मात्रै

गर्न नसक्ने अवस्थापनि छ । स्थानिय तहसँग मिलेर, सहकार्य गरेर हामीले नियमन गर्न पर्ने छ । त्यसलाई नियमन गर्ने कुरापनि हामीले अगाडी ल्याएका छौं ।

त्यस्तै गरेर अव विभिन्न पर्यटन क्षेत्रमा पनि धेरै विषय त्यस्ता पर्यटन क्षेत्रमापनि छन् । हामीले कार्यान्वयन गर्न हामीले सकेका छैनौं । यातायातका कुरामापनि हामीले नियमन गरेका छौं । नियमन गरेर त्यसलाई धेरैभन्दा धेरैलाई दायरामा लिएर आएर हामीले कम्तीमा पनि अव करको दायरा बढाएरै भएपनि हामीले आन्तरिक स्रोतलाई हामीले विनियोजन गरेका छौं । हामीले त्यस संकलन गर्छौं भनेर हामीले गरेका छौं। र यो चालु आर्थिक वर्षमा सायद हामीले ३ अरव सम्थीङ हामीले राखेका थियौं । कोभिडको प्रभाव नभएको भए मलाई लाग्छ हामीले गएको वर्षमा पनि हामीले लक्ष्य भन्दाबढी आन्तरिक राजस्व संकलन गरेका थियौं । र यो वर्षपनि हामीले संकलन गर्न सक्छौं भनेर हामीले भनेका थियौं । तर त्यसो हुन सक्या छैन । मलाई लाग्छ । तरपनि असारसम्म हामीले हेरौं ।

हामी धेरै नजिक पुग्छौ भन्ने मलाई लाग्छ । हामीले लक्ष्य गरे अनुसार आगामी वर्षका निम्तीपनि हामीले लक्ष्य गरे अनुसारनै आन्तरिक स्रोतलाई व्यवस्थापन गर्न सक्छौं । मलाई त्यस्तो लाग्छ । र त्यसमा अव सबै कुराहरु अघिनै भने मैले धेरै कुराहरु हामीले सिक्दै जाने कुरा हो । समस्या परिसकेपछि त्यो समस्याको समाधान हामीले खोज्दै जाने हो । परिस्कृत बन्दै जाने हो। त्यसरी हामीले परिस्कृत बन्दै गइरहेका छौं।

योजनाका सम्बन्धमा, कार्यान्वयनका सम्बन्धमा ढिला किन हुन्छ ? के कारणले ढिला भयो? यि सबै कुराहरुको लेखा जोखा गरेर हामीले राख्नेनै छौं । होला हाम्रो कार्य क्षमता। हाम्रो संरचनामा नै समस्या होला । त्यसैले हामीले संरचनालाई व्यवस्थित गरेका छौं । जनशक्तिमा समस्या होला त्यो जनशक्तिलाई व्यवस्थित गर्ने भनेर हामीले त्यो कुरालाईपनि अगाडी लिएर आएका छौं । हाम्रा कानुनी समस्याहरु होलान् ।

कार्यविधीमा समस्याहरु होलान् । यि समस्याहरुलाई पनि हामीले समाधान गर्ने आगामी आर्थिक वर्षमा समस्या समाधान गर्दै अगाडी बढ्ने भनेर हामीले भनेका छौं । र यसरी हामीले सुधार गर्दा गर्दै पनि फेरि अव त्यस्तै रह्यो भने समस्याफेरि यहाँ रहिनछ, अन्त रैछ भनेर त्यो कुन ठाउँमा समस्या छ, त्यो कुरालाई हामीले खोजेर हामी अगाडी नै

बढ्ने छौं । र यहाँहरु सबैको सहयोगको अपेक्षा, अब यहाँहरुले सहयोग गरिरहनु भएको छ ।

सबै राजनीतिक दल, सबै पार्टी, सबै आम जनताहरुमा पनि म आग्रह गर्न चाहान्छु, कि प्रदेश सरकारले जुन प्रयत्न गरिरहेको छ । हामीले एकदमै सकरात्मक ढंगले सबै कुराहरुलाई लिएर हामीहरु अगाडी बढी रहेका छौं । छुटका कुराहरु जुन आइरहेका छन् । हामीले दिन सक्ने छुट हामीले दिइरहेका छौं। र सबै कुराहरु फेरि संघ सरकारसँग व्यवसायीहरुसँग पनि हामीले धेरैपटक बस्यौं ।

उहाँहरुले बैंकका व्याजका बारेमा छुट दिने कुरा गर्नुभएको छ । उहाँहरुले किस्ता बुझाउने कुरालाई अलि समय लिएर सार्न पर्यो भनेर भनिरहनु भएको छ । त्यस्तै गरेर उहाँहरुले थप जुन अहिले कोल्याट्रल राखिएको छ, त्यही आधारमा हामीले केही थप अव ऋण प्राप्त गर्ने सुविधापनि हामीलाई दिन पर्यो भनेर भनिरहनुभएको छ । र त्यस्तै गरेर विभिन्न खालको करसँग सम्बन्धीत भएर त्यसलाई छुटका कुरा उहाँहरुले गर्नुभएको छ। मलाई लाग्छ अहिलेपनि सरकारले भनेको केही पनि छैन । तपाईले भ्याट कलेक्सन गर्नुभएको छ । त्यो तिर्नुस् भनेको हो ।

तपाईले कलेक्सन नै गर्नुभएको छैन भने त्यो तिर्नुपर्छ भनेको होइन् । संस्थागत आयकरको कुरा हो । आय भएको छ । फाइदा भएको छ । तिर्नुस् भनेर भनेको हो। होइन भने अव व्यापार नै नभएको, केही नभएको, व्यवसायनै नचलेकोहरुलाई अव तिर्नुस भनेर भनिएको छैन । तरपनि हामीले त्यसलाई बुझ्न सक्या छैनौं । नेपालीहरुले अझैपनि बुझ्न सक्या छैनन् ।

अनि बैंक भइसकेपछि के हुन्छ त भन्दा बैंकले जम्मै ब्याज नलिदिए हुन्छ भनेर भन्छ। तर त्यो ब्याज भनेको हामीले नै पैसा राखेर जम्मा गरेको पैसा न हो बैंक भनेको । त्यो बैंकले त्यही पैसा लगानी गर्याछ । जब लगानी गर्नेहरुले न म तिर्न सक्दिन भनेपछि बैंकमा कहाँबाट पैसा जम्मा हुन्छ र फेरि कसरी छुट दिन सकिन्छ ।

त्यसले गर्दाखेरि अव हामीले सबै कुराहरुलाई यो एउटालाई मात्र परेको मार नभईकन आम रुपमा यो परेको, समग्र हिसावले परेको मार भएको कारणले गर्दा अव हामीले कसरी अगाडी बढ्ने हो ? साच्चिकै अव हामीले कसरी अगाडी बढ्न सक्छौं भन्ने कुरालाई सोचेर सकरात्मक ढंगले अव सोच्नुपर्छ र प्रगतीशिल ढंगले अव हामी अगाडी

बढ्नुपर्छ । यो कुराहरुलाई मैले यहाँहरुलाई राख्दै म आफ्नो भनाई यही समाप्त पार्छु। हवस् त । धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्यहरु अव यो छलफल यहीं समाप्त हुन्छ । अव म विधेयकको दफा १ देखि १३ सम्म र अनुसुची १ देखि ६ सम्म प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७७ को अंग बनोस् भनी निर्णार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला । यो प्रस्तावको पक्षमा माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले विधेयकको दफा १ देखि १३ सम्म र अनुसुची १ देखि ६ सम्म बहुमतले प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७७ को अंग बनेको घोषणा गर्दछु ।

**प्रस्तावना**

प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, कर लगाउन तथा राजस्व संकलन र राजस्व प्रशासन सम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छानीय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ

१.यस ऐनको नाम आर्थिक ऐन २०७७ रहेको छ ।

२. यो ऐन २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुने छ ।

अव म विधेयकको नाम र प्रस्तावना प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकलाई विधेयक २०७७ को अंग बनोस् भनि निर्णार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला । यो प्रस्तावको पक्षमा माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले विधेयककोप्रस्तावना र नाम बहुमतले प्रदेशको अर्थसम्बन्धी

प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७७ को अंग  बनेको घोषणा गर्दछु। अव म आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङलाई प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७७ लाई पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

**आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङ**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतीले सम्मानित सभामा मिति २०७७ साल असार १ गते प्रस्तुत भई सभामा छलफ समेत भएको प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक गण्डकी प्रदेश सभा नियामावली २०७४ को नियम १२२ बमोजिम पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु। धन्यवाद !

**माननीय सभामुख**

अव यो प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला। यो प्रस्तावको पक्षमा माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७७ बहुमतले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरु अब यो बैठक एक घण्टाको लागि स्थगित हुन्छ ।

# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैँटौँ अधिवेशन

# (सैँतिसौँ बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मितिः २०७७।०३।१९ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १० बजेर १६ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, सर्वप्रथम म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई मिति २०७७ साल असार १८ गते सभामा प्रस्तुत भएको गाउँ, सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमान**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असार १८ गते प्रस्तुत भएको गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब म गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सेवासुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ । यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल हुने व्यहोरा अनुरोध गर्दछु । छलफलमा भाग लिने माननीय सदस्यहरूका लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र आफ्नो भनाई राख्न अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय धनञ्जय दवाडी**

सभामुख महोदय, गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा सैद्धान्तिक छलफल गर्नका लागि उपस्थित भएको छु । हाम्रो संविधानले, हाम्रो लोकतन्त्रको चरित्रलाई परिभाषित गरेको छ । हामी संघीय गणतान्त्रिक लोकतान्त्रिक व्यवस्थामा छौं । यो लोकतन्त्रमा हामीले तीन तहको संसदको परिकल्पना गरेका छौं । संघीय संसद, प्रदेश संसद र स्थानीय संसदहरू । सबै सभाहरू, सबै संसद्हरू लोकतन्त्रलाई समुन्नत बनाउनका निमित्त क्रियाशील छन् र उनीहरूको कामबाट, उनीहरूको कार्य, मितव्ययी र कार्यशैलीले हाम्रो लोकतन्त्रको भविष्यलाई सुदृढ गर्दछ । भविष्यलाई अगाडि लैजाने गर्दछ ।

यसकारणले कुनै पनि संसदका सदस्यहरूले आफ्नो काम कारवाहीलाई व्यवस्थित गर्नका लागि, काम, कारवाहीलाई अगाडि बढाउनका लागि उनीहरूका निमित्त आवश्यक पर्ने सेवा र सुविधा संविधानले व्यवस्था गरे अनुसार व्यवस्थित गर्नका निमित्त संविधानमै उल्लेख गरिएको छ । संघीय संसदका निमित्त सबै सांसदहरूको पारिश्रमिकको व्यवस्था संघीय कानून अनुसार व्यवस्था हुने गर्दछ भने, प्रदेश सभामा जो आज हामी उपस्थित छौं, प्रदेश सभाले आफ्ना सदस्यहरूका निमित्त पारिश्रमिक उपलब्ध गराउन आफ्नो कानूनद्धारा व्यवस्था गर्दछ । जुन चिज, जुन कानून हामी यो सभाले बनाइसकेको छ । संविधानको धारा २२० को ८ मा जिसस जिल्ला समव्य समितिका सदस्य र

पदाधिकारीहरूको सेवा र सुविधा सम्बन्धी व्यवस्थाका लागि प्रदेशले कानून बनाए बमोजिम हुनेछ भनी उल्लेख गरिएको छ । यसैगरी संविधानको धारा २२७ ले स्थानीय नगरपालिका र गाउँपालिकाका पदाधिकारीहरूको सेवा र सुविधाका व्यवस्था पनि प्रदेश कानूनले निर्धारण गरेअनुसार निर्माण गरे अनुसार हुनेछ भनिएको छ ।

त्यसकारणले प्रदेश सभाले निर्माण गर्ने कानून र प्रदेश सभाले बनाइदिने कानूनका आधारमा स्थानीय तहका पदाधिकारीलेहरूले आफ्नो सेवा र सुविधाहरू प्राप्त गर्दछन् । यो व्यवस्थाका निमित्त यस अघि नै हामीले यो सभाले आफ्नो कानून बनाएर निस्केको हो यद्यपि कानूनका सन्दर्भमा हामीले उल्लेख गरेका कतिपय कारणले सर्वोच्च अदालतको फैसलापछि अहिले यसको संशोधन प्रस्तावसहित यो विधेयक यहाँ आइपुगेको छ ।

त्यसकारणले म यो विधेयकमा प्रस्ताव गरिएका कुराका निमित्त समर्थन गर्दछु । यसको निमित्त हामीले तलका केही स्वरहरू पनि सुनिए कि सेवा सुविधा दिन नहुने, लिन नहुने अथवा यो व्यवस्थापन गर्न नहुने धेरै हुने आदि इत्यादि तर्कहरू पनि सुनिने गरेका छन् तर हामीले पहल गर्नुपर्छ, हाम्रा संसदहरूमा, हाम्रा स्थानीय तहका प्रतिनिधिहरूको व्यवस्था कसरी छ, उनीहरू कसरी आइरहेका छन् र कसरी काम गरिरहेका छन् ? सबै अवस्था सामान्य हुँदैन, सबैको अवस्था पनि सामान्य हुँदैन र लोकतन्त्रमा यो लोकतान्त्रिक चरित्रमा आज जे जति ढंगले जनप्रतिनिधिमा प्रश्न उठाइएको छ, अपारदर्शीकताका कारणले धेरै प्रश्नहरू उठाउने कामलाई पारदर्शी ढंगले व्यवस्थापन गरिने कुरा सबैभन्दा पहिला व्यवस्थित हुन्छ ।

कार्यान्वयन भनेको कानून निर्माण हो । कानूनलाई निश्चित गरिएका, कानूनले दिएका, तोकिएका सेवा सुविधा लिनलाई काम गर्न प्रेरित गरिरहनुपर्छ । यो कामका निमित्त प्रदेश सभा, प्रदेश सरकारले जुन यो विधेयक ल्याएको छ, यो विधेयकलाई म समर्थन गर्दछु, स्वागत गर्दछु, यो विधेयकको स्प्रिडका आधारमा अब स्थानीय सरकार र जनप्रतिनिधिहरूका कामलाई व्यवस्थित गर्ने छ भन्ने विश्वास पनि व्यक्त गर्न चाहन्छु ।

ठीकै हो, यो असामान्य अवस्था हो, असामान्य अवस्थामा असामान्य ढंगले नै काम गर्नुपर्छ । र यतिबेला कोभिड महामारीका जुन चर्चा हामी गरिरहेका छौं । यसको लागि गाउँमै बसेर, मैदानमा लडिरहेका आज कोही छन् भने ती स्थानीय तहका जनप्रतिनिधि सिपाहीहरू नै हुन् । जसले बिहान, दिन रात जुनसुकै बेला पनि कोरोनाका

हामीहरूले व्यवस्था गरिदिनुपर्दछ । सर्वोच्चको फैसलापछि आज लामो समयसम्म उनीहरू विना पारिश्रमिक, विना सेवा सुविधा काममा खटिइरहेका छन् । सबै ठाउँ सबैको परिस्थिति एउटै हुँदैन । सबैले एकै ढंगले सोच्न सक्छन् भन्ने छैन । र सबैको आर्थिक वर्गीय धरातल एउटै पनि छैन । फरक फरक आर्थिक धरातलबाट आइरहेको मान्छेले राजनीतिमा आफ्नो नेतृत्व, विचार र भूमिकालाई प्रष्ट गर्नका निमित्त कानूनद्धारा व्यवस्था गरिएको कुरालाई व्यवस्थित गरिदिने काम राज्यको हो, संसदको हो यो काम आज हामीले गरिरहेका छौं भने यसमा हामीले गर्व गर्नुपर्दछ ।

कोभिडसँग लड्नका लागि जो लागिरहेका छन् स्थानीय तहका वडाध्यक्षहरू, पालिकाका मेयर, उपमेयरहरू, अध्यक्ष, उपाध्यक्षहरू उनीहरूका दैनिकी गुजारा गर्ने सबालमा पनि विधेयकले सहयोग पुऱ्याउछ भन्ने विश्वास राख्दछु । जहाँसम्म उनीहरूले धेरै लिए, धेरै भयो आदि, इत्यादि तर्क छ त्यो सभा आफैंमा सार्वभौम छ । मलाई बढी भयो भने आफ्नो आन्तरिक आयले पुगेन भने ऊ आफैंले कटौती गर्दछ । हामीले सम्मान गर्न सक्नुपर्दछ स्थानीय गाउँ सभा र नगर सभालाई । जसरी आज हामी संसदको सार्वभौम सत्ताको वकालत यो संसदमा गरिरहेका छौं । संघीय संसदले यो छलफल गरिरहेका छौं। भने स्थानीय तहका गाउँ सभा र नगरसभाहरू फरक तहका सत्ताहरू हुन्, संसदहरू हुन् र ती संसदहरूलाई आफ्ना सदस्यहरूलाई दिने पारिश्रमिक, आफ्ना पदाधिकारीले लिने पारिश्रमिक, आफ्ना पदाधिकारीका सहयोगीहरूले लिने पारिश्रमिकका सम्बन्धमा आफ्ना आम्दानीका श्रोतका आधारमा, आफ्ना क्षमताका आधारमा त्यो सभाले निर्णय गर्न सक्नेछ ।

यहाँ गर्न सक्ने व्यवस्था पनि विधेयकमा गरिएका कारणले गर्दा विधेयकमा जे चिज प्रस्ताव गरियो त्यही चिज हुबहु कार्यान्वयन गर्नुपर्छ भन्ने प्रश्न रहँदैन यसकारणले महत्वपूर्ण कुरा यो तहसम्म, यो तौरतरिका र माध्यमबाट सेवा र सुविधा लिन सकिने अधिकार हामीले दिएका अरु क्षेत्रबाट, अरु बाटोबाट, अरु कोणबाट दैनिकी गुजारा गर्नका निमित्त अगाडि उभिनु पर्छ जस्तो लाग्दैन, उनीहरूलाई सहज हुन्छ । आज हामी कस्ता जनप्रतिनिधिको कल्पना गरिरहेका छौं ? संसदमा सबेर संसदका सदस्यहरू हामीले छलफल र बहस गर्न जरुरी छ ।

के हाम्रा जनप्रतिनिधिहरू एक कप चियाका लागि या कुनै गाडी चढ्नका लागि कसैको बाटो कुरेस बरिरहेका छन् या चिया खानका लागि कसैले खुवाइदियोस् भन्ने कल्पना गरुन् । त्यो खालको जनप्रतिनिधिको कल्पना हामीले गरेको हो भने सायद यी धेरै

तर्कहरू सुहाउँदिला हुन्थे होलान् । तर आज हामी हाम्रा जनप्रतिनिधिलाई जनताका अधिकारका निमित्त, लोकतन्त्रका निमित्त, लोकतन्त्रको सुदृढिकरणको निमित्त, जनताको जनजीविकाका सबालतर्फ दृढतापूर्वक उभिउन भन्ने चाहन्छौं भने उनीहरूले स्वाभिमानपूर्वक आफ्नो स्वाभिमानका साथ, आफ्नो विचारका साथ उनीहरूले बोल्न सक्ने आधार हामीले तयार गरिदिनुपर्छ त्यो आधार तयार गर्ने भनेको उनीहरूले प्राप्त गर्ने सुविधा हो भन्ने हेक्का राख्नुपर्छ ।

सबै जनप्रतिनिधिले हेक्का राख्नुपर्छ, हामीले पनि हेक्का राख्नुपर्छ हामी कहाँबाट आयौं र फेरि हामी कहाँ जान्छौं ? आज हामीले कुनै सेवा सुविधा राख्दा, यो त जीवनभरिका लागि दीर्घजीवि होइन, यो त हाम्रो लागि निश्चित समयका लागि हो । निश्चित आवधिक निर्वाचनका माध्यमबाट आज हामी छौं भोलि निर्वाचनमै फर्किने हो, फेरि जनताकै बीचमा फर्किने हो । आज हामीले गरेका कामहरू, आज हामीले बनाएका दृष्टिकोणहरूले पछिल्ला वर्षहरूसम्म पनि हामीलाई निर्दृष्टि गर्ने भएका कारणले गर्दा आज हामीले जे जति विचारहरू अभिव्यक्त गर्दछौं त्यो विचारहरूका निमित्त यो संसद र प्रत्येक सांसद र प्रत्येक सभाहरू जिम्मेवार र जवाफदेही पनि हुन जरुरी छ ।

यदि हामीले हाम्रो लोकतन्त्रलाई बलियो बनाउने हो, यदि हामीले हाम्रो लोकतन्त्रलाई सार्वभौम, हाम्रो संसदहरूलाई सार्वभौम बनाउने हो र चिरकाल पर्यन्तसम्म नेपाली जनताका दुःखसँग जोडिएर आओस् भन्ने चाहने हो भने ती जनप्रतिनिधिलाई स्वतन्त्रतापूर्वक, निर्भिकताका साथ सूचना आदानप्रदान गर्न सक्ने क्षमता राखेर काम गर्न सक्नेगरी उनीहरूको क्षमतालाई अभिवृद्धि गरिनुपर्छ ।

यो कुरा निश्चित छैन, यो कुराको कुनै गुञ्जायस छैन कि सधैं हामी रहीरहन्छौं । कि प्रकृतिको नियमलाई लागू गर्दैनौं । यसकारणले हामीले ख्याल गर्नुपर्छ भोलिको लोकतन्त्रका लागि, भोलिको समयका लागि, भोलिको नेतृत्वका लागि हामीले नयाँ संसदहरूलाई, नयाँ नेताहरूलाई, नयाँ उत्तराधिकारीहरूलाई हामीले विकास गर्ने हो भने आजज स्थानीय तहको काम कारवाहीलाई, स्थानीय तहमा भएका गतिविधिहरूलाई, हाम्रो लोकतन्त्र संवृद्ध बनाउनका निमित्त हामीले ध्यान पुऱ्याउनु पर्दछ, ख्याल गर्नुपर्दछ यो सबै काम गरेर ।

भोलिको लोकतन्त्रका लागि, भोलिको उज्ज्वल नेपालका लागि भोलिको विकसित र संवृद्ध नेपाल बनाउनका निमित्त यी आधारभूत तहमा खटिइरहेका, लागिरहेका

जनप्रतिनिधिहरूलाई पारिश्रमिक उपलब्ध गराउने कुरा, सेवा र सुविधा उपलब्ध गराउने कुरा मनासिब छ । उनीहरूले कसरी आ-आफ्नो तहको काम गरिरहेका छन् । उनीहरू कसरी आ-आफ्नो तहको आम्दानीको श्रोत बढाइरहेका छन्। कसरी उनीहरूले स-साना काम गरेर ठूला-ठूला कामलाई सम्पन्न गर्न सहयोग गरिरहेका छन् । ठूला-ठूला सपनाको कुरा गर्न सजिलो हुन्छ तर सबभन्दा गाह्रो काम साना-साना सपना पूरा गर्नु । साना-साना सपनालाई पूरा गरेर हामीले ठूला-ठूला सपना प्राप्त गर्न सक्छौं ।

लक्ष्यमा पुग्न सक्छौं भन्ने कुरालाई हेक्का राखेर नै आज हामीले स्थानीय तहको संसदलाई, स्थानीय तहको सभालाई बलियो, स्थानीय तहको सभालाई क्रियाशील, स्थानीय तहको सभालाई सक्षम बनाउनका निमित्त ख्याल गर्नुपर्छ। यसो गर्न सक्यौं भने हाम्रा बीचमा उठिरहेका तमाम प्रश्नको जवाफ हामी दिन सक्छौं। हामीले दिने जवाफ भनेको हाम्रो कार्यावधिमा दिने जवाफ हो, हाम्रो समयावधिमा दिने जवाफ हो हामी जुन समयका निमित्त, जुन कामका निमित्त हौ त्यही कामका निमित्त हाम्रो प्रतिबद्धता पूरा हुनुपर्छ ।

त्यसकारणले बैठक भत्ताको व्यवस्था गरेर, यातायात सुविधाको कुरा गरेर, चाडपर्व खर्चको व्यवस्था गरेर, यो सबै हिसाबले एउटा स्थानीय तहको जनप्रतिनिधिलाई स्वाभिमानपूर्वक सोझो गरेर उभिन सक्ने बनाउनका निमित्त यो विधेयक आएको छ । सोझो गरेर आफ्ना विचार राख्न सक्ने क्षमताका निमित्त यो विधेयक आएको छ। यसकारणले यो तीन तहको संसदलाई बलियो बनाउन सक्यौं भने हाम्रो लोकतन्त्र बलियो हुन्छ ।

लोकतन्त्र बलियो हुने हो भने यो मुलुक संवृद्ध बनाउनका निमित्त सबैको भूमिका क्रियाशील रहन्छ र प्रभावकारी रहन्छ भन्ने विश्वास व्यक्त गर्दै गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सेवा र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको यो विधेयकलाई म र मेरो दलको तर्फबाट समर्थन गर्छु यसमा हामी अझै बृहत् छलफल गर्छौं र बृहत् छलफलका साथ यसलाई संवृद्ध पनि बनाउने छौं ।

जति राम्रोसँग संवृद्ध विधेयकहरू हामीले ल्याउन सक्नेछौं । त्यतिनै राम्रो क्वालिटी हुन सक्छ । क्वालिटीमा निखारपन आउन सक्छ भन्दै विदा हुन्छु धन्यवाद!

**माननीय सभामुख**

माननीय सदस्य श्री बिन्दुकुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय बिन्दुकुमार थापा**

सभामुख महोदय, आज हामी सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर सैद्धान्तिक छलफलमा जुटेका छौं । विशेष गरेर हाम्रो भनाइ यो विधेयक एउटा अलिकति यो कोरोनाको महामारी जुन अहिले फैलिइराखेको छ र अहिले राष्ट्र नै संकटग्रस्त अवस्थामा छ । यो विधेयक ल्याउने उपयुक्त समय होइन भन्ने कुरा म राख्न चाहन्छु । र अर्को कुरा यो विधेयकमा त्यो पहिलाको २०७४ को ऐनलाई परिमार्जन गरेर ल्याइएको छ र यसमा अत्याधिक सुविधाहरू थप गरेर ल्याइएको छ त्योप्रति हाम्रो पार्टीको र मेरोतर्फबाट यसमा आपत्ति रहेको कुरा म समाभुखमार्फत् सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु ।

विशेष गरेर यो विधेयक एउटा मर्यादाक्रमको पनि एउटा खिलापमा तथा मर्यादाक्रमको विपरित पनि आएको छ । यो महानगरको मेयरको स्वकीय सचिवका कुराहरू, उपमेयरको स्वकीय सचिवका कुराहरू, यो शाखा अधिकृतका कुराहरू आइरहेका छन् । यसकारण यो मर्यादाक्रम मिलेको छैन र यो विभेदकारी छ भन्ने मलाई लाग्दछ ।

अर्को कुरा यो गाउँपालिका, नगरपालिका र महानगरपालिकाको प्रमुख, उपप्रमुख र वडाध्यक्ष बीचको यो जुन यातायात सुविधा छ, त्यो १५ हजार १२ हजारबाट एकैचोटी १५०० मा वडाध्यक्षहरूको १५०० मा झारिएको छ । यो पनि अलिकति व्यवहारिक हुँदैन कि ? भन्ने तर्क म राख्न चाहन्छु । यसलाई अलिकति मिलाउनुपर्छ, मेयर, उपमेयर र वडाध्यक्षको जुन यातायात सुविधा छ, । त्यो अलिकति मिलेको छैन, यो मिलाउनेतर्फ पनि लाग्नुपर्छ भन्ने मेरो भनाई हो । त्यसै गरेर यो महानगरपालिका, नगरपालिका र गाउँपालिकाको वडाध्यक्षहरू बीच पनि त्यसमा एउटा समान हिसाबले सेवा, सुविधाको व्यवस्था गरिएको छ ।

त्यसलाई पनि अलिकति गाउँपालिका, नगरपालिका र महानगरको वडाध्यक्षहरू बीचमा अलिकति त्यो फरक रहनुपर्छ कि भन्ने म एउटा तर्क वा सुझाव राख्न चाहन्छु। विशेष गरेर अहिले यो कोरोना महामरिको जुन समय छ एउटा जटिल परिस्थिति छ । यो समयमा अब यो मुख्यमन्त्रीज्यूले, मन्त्रीज्यूहरूले एकदमै सहर्ष त्यति अप्ठ्यारो स्थिति छैन, हामी सुरक्षित छौं भनिरहँदाखेरी अहिलेको यो क्यारेन्टाइनको यो अव्यवस्थित क्वारेन्टाइन छ यो क्वारेन्टाइन एउटा यातना गृह जस्तो देखिइराखेको छ त्यहाँ मानिसहरू असुरक्षित भइराखेको हामीले महसुस गरेका छौं । त्यहाँबाट भाग्ने क्रम पनि

जारी छ । आज मात्रै बिहान मलाई लेकसाइडबाट फोन आएको थियो कि हाम्रो क्वारेन्टानइनबाट । ११ दिनसम्म फरेन कन्ट्रिबाट आएको अहिलेसम्म पीसीआर टेष्ट त्यहाँको भाको छैन । अब पीसीआर टेष्ट गरिसकेपछि पनि फेरि अर्को १२-१४ दिन त्यसको रिपोर्ट आउनलाई कुर्नुपर्ने हुन्छ ।

यसले गर्दा यो क्वारेन्टाइनलाई डब्लुएचओको मापदण्ड अनुसारको बनाउनु पर्ने बेला छ। त्यस्तै गरेर आइसोलेसन कक्षहरू पनि व्यवस्थित गर्नुपर्ने छ । त्यस्तै गरेर यो कोरोनाको उपचार जुन गण्डकी हस्पिटललाई विशेष अस्पतालको रूपमा व्यवस्था गरिएको छ अब त्यसलाई त्यो विषयमा पनि धेरै विवादहरू आइरहेका छन् । यसलाई पनि त्यसलाई सुरक्षित रूपबाट गण्डकी हस्पिटलमा अरु सामान्य उपचार गर्न आउने जुन दैनिक रूपमा हजार १२ सयको संख्यामा आइराखु भएको छ उहाँहरू त्रसित र आतंकित नहुने गरिकन यसलाई छुट्टै युनिटमा राखेर कोरोना संक्रमितहरूलाई उपचार गर्नुपर्ने आवश्यकता छ सरकारको ध्यान त्यतातिर जानुपर्छ जस्तो मलाई लाग्छ ।

यो विधेयक हामीले यो आउनै हुँदैन भन्ने पनि कुरा होइन, यो एउटा उपयुक्त समयमा आएन र अर्को अत्यधिक वृद्धि गरेर आएको छ यसले अलिकति मर्यादाक्रमलाई पनि मिचेर आएको हामीले पाएका छौं । त्यसकारण यो विधेयक उपर हामीले एउटा विरोधको सूचनाको समर्थन पनि मैले गरेको हिसाबले पनि यिनै कुराहरू म राख्न चाहन्छु। र यति भन्दै मेरो आफ्नो भनाइ टुङ्ग्याउँछु धन्यवाद । जय नेपाल!

**माननीय सभामुख**

माननीय सदस्य श्री मिनप्रसाद गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।त्यस पछि माननीय सदस्य श्री मेखलाल श्रेष्ठ।

**माननीय मिनप्रसाद गुरुङ**

सभामुख महोदय, यस गरिमामय सदनमा मिति २०७७ साल आषाढ १८ गते माननीय आन्तरिक मामिला मन्त्रीज्यूले यो सदन समक्ष प्रस्तुत गरेको गाउँ सभा तथा नगर सभा र जिल्ला समन्वय समितिको सेवा र सुविधा सम्बन्धमा प्रस्तुत बजेटमा, प्रस्तुत विधेयकमा आज हामीहरू सैद्धान्तिक छलफलमा माननीय सभामुखज्यूको अनुमतिले सहभागी भइरहेका छौं । स्वभाविक रूपमा मलाई लाग्छ यो विधेयक संशोधन भन्दा पनि हामी ७४ को विधेयकमा छलफल गरिरहेका छैनौं या यसलाई संशोधन गरिरहेका छैनौं । यो प्रतिस्थापित भएर अहिले हामीहरू गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिको

सुविधाको सम्बन्धमा २०७६ को विधेयकमाथि छलफल गरिरहेका छौं भन्ने मलाई लाग्छ । प्रस्तुत विधेयक सिद्धान्ततः प्रदेशको अधिकार क्षेत्रभित्र रहेर संविधानत यो आएको छ । संविधानको धारा २२० को ८ अन्तर्गत जिल्ला समन्वय समिति र यस्तै गरेर २२७ अन्तर्गत गाउँ सभा र नगर सभाहरूको जुन सुविधा सम्बन्धमा प्रदेशले कानून निर्माण गरेर त्यसको ढोका खोल्नुपर्ने जुन एउटा अभिभावकीय दायित्व प्रदेश सभाले निर्वाह गर्नुपर्ने छ त्यो दायित्वमार्फत् आज हामीहरू यो छलफलमा सैद्धान्तिक छलफलमा सहभागी भइरहेको मैले महसुस गरेको छु ।

स्वभाविक रूपले त्यति मात्र होइन, जहाँ हामीहरू संविधान त तीन वटा सरकारको अवधारणा बोकेर तीन वटा सरकार नै समन्वय, सहकार्य र सहअस्तित्वमा यो देशलाई संवद्ध बनाउने क्रममा हामीहरू पक्कै पनि स्थानीय सरकारमा रहेका नगर सभा, गाउँ सभा र यस्तै गरेर जिल्ला समन्वयका पदाधिकारीहरूलगायत सदस्यज्यूहरूलाई हामीहरूले उत्साहित बनाउनुपर्ने, साच्चै नै अपनत्व ग्रहण गर्नुपर्ने र उत्तरदायी बनाउनुपर्ने मलाई लाग्छ यो आजको आवश्यकता हो र यहीनेर रहेर हामीहरू आज यो विधेयक यो सदनमा प्रस्तुत भइरहेको मैले ठान्दछु । हामी थुप्रै छलफल पनि गरेका छौं र थुप्रै कोणहरूबाट कुराहरू उठिरहेका पनि छन् । विधेयक, समय सन्दर्भमा या अहिलेको यो विषम परिस्थितिमा आवश्यक थियो कि थिएन ? या यो विधेयकले जुन खालले सेवा र सुविधाहरूका विषयमा हामी हैसियत मापनका कुराहरू पनि उठिरहेका छन् । या यो विधेयक एउटा साच्चै नै भूतप्रभावी भनेर विधिशास्त्रीय पद्धति अनुसार त्यसरी आउँदैछ । भन्ने कुरामा पनि हामी छलफल चलाइरहेका छौं ।

मलाई लाग्छ विधिशास्त्रीय मान्यता अनुसार फौजदारी कसुरका सन्दर्भमा यो भूतप्रभावी कानूनहरू बन्नु हुँदैन या बन्नी त्यो सिद्धान्तत बेठीक होला तर यो देवानी प्रकृतिका कतिपय यस्ता नियम, ऐन कानूनहरू हुन्छन् । जो चाहि भूतप्रभावी पनि हुन सक्छन् । त्यसो भएको हुनाले मलाई लाग्छ यो सिद्धान्ततः विधेयक जुन सरकारलेमार्फत् आन्तरिक मामिला मन्त्रीले यहाँ गरिमामय सदनमा प्रस्तुत गरिराख्नु भएको छ । यो सिद्धान्तत न्यायसंगत, नियमसँगत र विधि र नीतिलाई पालना गरेर अगाडि बढेको हो भन्ने म ठान्दछु । जहाँसम्म अहिले यो कोभिडको क्रममा यो विधेयक आउन हुन्थ्यो र हुँदैनथ्यो भन्नेमा मलाई लाग्छ, यो वहसको विषय हुनुपर्छ भन्ने मलाई लाग्छ । किनभन्दा पूर्ववक्ता विद्धान् माननीयज्यूले यहाँ प्रस्तुत गरिसक्नुभएको छ । कि अहिलेको यो विषम परिस्थितिमा साच्चै नै हाम्रो प्रदेशका मुख्यमन्त्रीज्यूले धेरै चोटी भनिराख्नु भएको छ ।

साच्चै नै यो संघीयतालाई कार्यान्वयन संस्थागत गर्ने कुरा र अहिलेको यो विषम परिस्थिति र अहिलेको यो चुनौतीलाई हामीले सामना गर्ने कुरामा के स्थानीय सरकार नभइदिएको भए साच्चै नै हाम्रो प्रदेशकै कुरा गर्ने हो भने पनि एउटा महानगरपालिका अनि २६ वटा नगरपालिकाहरू, ५८ गाउँपालिका अनि त्यहाँ रहेको ७५९ वटा वडामा कार्यरत जनप्रतिनिधिहरूको क्रियाशीलता नभएको भए यसको चुनौतीलाई सामना गर्न हामी कति सार्थक हुन्थ्यौं ?

त्यतिमात्र होइन यो विषय परिस्थितिमा उहाँहरू दिनरात मलाई लाग्छ हामीहरू अहिले माननीयज्यूहरू हामी मैले विनम्रतापूर्वक निवेदन गरे सभामुख महोदय ! यसलाई अन्यथा कुनै दृष्टिले नठानीयोस्। यहाँहरू दिनरात हामी जस्तो होइन, सदनमा उपस्थिति हुनी त्यसपछि घर गयो अनि आफ्नो विभिन्न काममा व्यस्त हुने त्यो छुट के त भन्दा स्थानीय पालिकाका पदाधिकारीलगायत वडाध्यक्षलगायतका जनप्रतिनिधिहरूको त्यो मैले पाइरहेको छैन । म नजिकबाट हेरिरहेको छु । १२-१ बजे पनि उहाँहरू क्रियाशील भइरहनु भएको छ । बिहान भन्नुभएको छैन, खानाको समय छैन, यी यस्ता किसिमबाट क्रियाशील भइरहेको स्थितिमा साच्चै नै उहाँलाई यो विषम परिस्थितिमा अझ उत्साहित गरेर अझ उत्तरदायी बनाएर यो साच्चै नै यो विषम परिस्थितिसँग लड्न, जुध्न हौसाउने कुरा र हामीले समन्वय गर्नुपर्ने खाँचो हो कि ?

न उनीहरूलाई एउटा दोधारमा राखेर हिजो पाइरहेका कुराहरू र विधान त संविधान त कानून त जुन खालले पाउने कुराहरूको अधिकारबाट बञ्चित गरेर उनीहरूलाई हतोत्साही बनाउने कुरा हो । यो कुरा के हो त भन्दा गम्भीर रूपमा छलफल तथा सोच्नुपर्दछ भन्ने मलाई लाग्छ । त्यति मात्र होइन, हामी एउटा सामाजिक न्यायको हिसाबबाट कुरा गरिराख्दा पनि अर्थशास्त्रले कुनै पनि मान्छेको श्रम अनि त्यसपछि समय त्यसमा मूल धनमा रूपान्तरण गर्नुपर्दछ।

स्वभाविक रूपले उहाँहरू श्रम पनि खर्च गरिरहनु भएको छ । समय पनि दिइराख्नु भएको छ । उहाँहरूको बौद्धिक, शारिरिक श्रम सबै ध्यान के छ त भन्दा अहिलेतिर कोभिड, सबै कुराहरू छोडेर लागिरहनु भएको स्थितिमा यो क्रममा हामीहरूले यसलाई कुनै गिज्याइन गरिरहने, कोही विलम्ब गरिरहने, यो क्रमबाट साच्चै नै एउटा संघीयतालाई संस्थागत गर्ने कुरामा प्रदेश सरकारको उत्तरदायित्वको कुरा र यो एउटा गार्जेनसीपको कुरामा प्रश्न चिन्ह उठ्छ कि उठ्दैन ? अर्थात् यो कुराले कति गम्भीरता

राख्छ भन्ने कुरा पनि म माननीय सदस्यहरूमा सभामुखमार्फत् माननीय सदस्यहरूमा सदन समक्ष म निवेदन गर्न चाहन्छु ।

त्यतिमात्र होइन, स्थानीय सरकार, स्वभाविक रूपले अहिले जे जसरी हामीहरू प्रदेश सरकारमा शक्ति पृथकिकरणको सिद्धान्त अन्तर्गत हामी व्यवस्थापिका, कार्यपालिका र मलाई लाग्छ यो न्यायपालिकाको कुरा प्रदेश सरकारलाई छ छैन भन्ने कुरा प्रदेश सरकारलाई बहसको विषय होला तर हाम्रो अहिलेसम्म कुनै त्यस्तो छैन । तर स्थानीय सरकारमा उहाँहरूका कार्यपालिका अधिकार पनि छ, विधायनी अधिकार पनि छ, त्यति मात्र होइन, एउटा अर्धन्यायिक निकायको रूपमा पनि देवानी प्रकृतिका थुप्रै कुराहरू र कतिपय फौजदारी प्रकृतिका कुराहरू पनि मेलमिलापको आधारबाट उहाँहरू काम गरिरहनु भएको हुन्छ । त्यसो भएको हुनाले एकहिसाबले भन्ने हो भने अहिले संघीयताको सहयोग भनेको साच्चैनै संघीयतालाई जनताले नजिकबाट बुझेको, छामेको र पहुँच पुगेको सेवा प्रवाहलाई व्यवस्थित गर्ने गरी त्यो निकायलाई सबल बनाउनु पर्छ कि पर्दैन ?

यो सबल बनाएर गइएन भने अहिलेको विषम परिस्थितिसँग जुध्ने मात्र होइन, सम्पूर्ण अहिले हामीले जुन खालको एउटा नयाँ राजनीतिक प्रणालीको व्यवस्थापन र परिवर्तन पछि जनताको अपेक्षालाई सम्बोधन गर्ने कुरामा कत्तिको हामी जिम्मेबार बन्छौं र यसको उपलब्धिको मापन, प्रतिफलको मापन हामी कसरी लिन्छौं भन्ने कुरा पनि गम्भीर प्रश्नको कुरा योसँग जोडिएर आएको हुनाले मलाई लाग्छ ।

सभामुख महोदय, सिद्धान्ततः यो विधेयक जुन किसिमबाट आउनुपर्थ्यो यो जुन समयमा आउनु पर्थ्यो यो बहसको विषय भन्दा पनि यसलाई व्यवस्थित गर्ने कुरा र यसलाई एउटा निकास दिएर अझ पनि स्थानीय सरकारहरूलाई अझ उत्साहित गराउने कुरा, उहाँहरूलाई परिचालित गर्ने कुरा र त्यो सँगसँगै सम्पूर्ण संघीयताको अवयवहरूलाई परिचालित गर्ने कुरामा महत्वपूर्ण भूमिका खेल्छ भन्ने कुरा मलाई लाग्दछ र यस अर्थमा म यो विधेयकप्रति पूर्ण समर्थन पनि जाहेर गर्दछु ।

एउटा प्रसंग स्वभाविक हो भन्ने मलाई लाग्दछ । हामीहरूले धेरै ठाउँहरूमा हाम्रा पाकाहरूले भन्ने गर्दछौं रासनको अभावमा शासन, काशन अनि त्यसपछि आश्वासनका कुराहरू निरर्थक हुन्छन् । त्यसो भएको हुनाले स्वभाविक रूपले होला एउटा हामीले थुप्रै देखेका छौं । पाश्चात्य मुलकुहरूमा सायद डेनमार्क होला, स्वीडेन होला, हामी जस्तै

माननीयहरू पनि सदन सञ्चालन भएको बेलामा आएका छौं । त्यो दिनको भत्ता मात्र लिएर फर्किन्छौं र अरु दिनमा अरु सुविधाका कुराहरू नहोलान् । तर के हामी त्यो परिस्थितिमा हाम्रो देश, हाम्रो चेतना यी कुराहरूमा हामी पुगेका छौं कि छैनौं ? अघि नै माननीयज्यूले भन्नुभएको थियो । हाम्रो वर्गीय आधारका कुराहरू पनि होलान्, सामाजिक बनोटका कुराहरू पनि होलान् । समावेशिता विविध कुराहरूले जनप्रतिनिधिका कुराहरू पनि होलान् ।

वर्ग सापेक्ष, वर्ग संरक्षणको कुराहरू सायद एउटा विचारमा विविधता होला । तर वर्गीय रूपले हेरिरहने बेलामा थुप्रै जनप्रतिनिधिहरूको अभावहरूको कुराहरू, थुप्रै कुराहरू पनि हामीले महसुस गरेका छौं । त्यसो भएको हुनाले पनि यो कुराको विनियोजन गरेर, त्यसलाई व्यवस्थित गरेर उहाँहरूलाई क्रियाशील बनाएर अगाडि बढाउँदा साच्चै नै अहिले जुन खालले हामीहरू संघीयतालाई कार्यान्वयन गर्ने अनि विकासलाई समुचित किसिमबाट सामाजिक न्यायको आधारमा स्थापित गर्ने कुराहरूदेखि लिएर उत्साहित भएर अहिलेको यो जुन खालको आकस्मिक समस्या छ यो खालको समस्यासँग जुध्ने, लड्ने अनि के त भन्दा नियन्त्रणमा हामी पुग्ने साझा उद्देश्यका साथ जुन खालले हामी जुधिरहेका छौं यो बेलामा यो विधेयकले त्यो प्रति सम्बोधन गर्ने, उत्साहित गर्ने यो महत्वपूर्ण कडीको रूपमा मैले महसुस गरेको छु या मेरो दलले त्यो अनुसारको महसुस गरेको हुनाले यसको समर्थनका साथ म आफ्ना भनाइलाई अन्त्य गर्दछु । धन्यवाद

**माननीय सभामुख**

माननीय सदस्य श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु । त्यस पछि माननीय सदस्य श्री हरिशरण आचार्य ।

**माननीय मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, आज म सभामुख महोदयसँग यो छलफल भन्दा पहिला यो विषयमा पस्नु भन्दा केही पर जान अनुमति चाहन्छु । सभामुख महोदय, हामी यो लोकतन्त्र स्थापना गर्न, संघीयता स्थापना गर्न र आजको अहिलेको यो कोभिडको संकटसँग जुधिरहेको अवस्थामा लोकतन्त्रलाई बलियो बनाउने दिशातर्फ होइन कि यो समस्यालाई सदनमै घनिभूत रूपमा छलफल गर्ने एउटा समयमा केन्द्रीय यो बजेट अधिवेशनमा हठात् अन्त्य गरिनु एउटा दुःखद कुरा हो । त्यसमा नेपाली काँग्रेस

गण्डकी प्रदेशले पनि दुःख र खेद व्यक्त गर्दछ भन्न चाहन्छु र म विषयमा प्रवेश गर्न चाहन्छु ।हामी यो स्थानीय तहको सेवा सुविधाको विषयमा छलफलमा छौं।

सभामुख महोदय आज नेपालमात्रै होइन, संसारै यो कोभिडबाट ग्रस्त भएको छ। यदि साच्चै यो कोभिडबाट लड्नका लागि कोही व्यक्तिहरू तदारुकताका साथ लागेका छन् भने तिनीहरू गाउँपालिका, नगरपालिका, महानगरपालिकाका मेयर, उपमेयर वडाध्यक्ष र वडा सदस्यहरू नै लागेका छन् । यहाँ एउटा भ्रम सिर्जना के गरिएको छ भने, काँग्रेसले उहाँहरूको सेवा सुविधा दिन हुन्न भनेर भनेको होइन, काँग्रेसले त बारम्बार जनतान्त्रिक मामिलामा सर्वोच्चले स्थगित गरेदेखि नै हामीले यो सेवा सुविधाहरू तत्काल चाँडोभन्दा चाँडो लागू गर्नुपर्छ भनेर अनौपचारिक रूपमा माग गरेका थियौं तर सरकारको कोभिड सुरु नहुँदासम्म के हेरेर बसेको थियो ? त्यो छ महिना अगाडिसम्म न सरकारले किन केही गरेन र अहिले हथात कोभिडबाट ग्रसित भएको र सरकारले आफ्नो बजेटहरू यो कोभिडबाट ग्रसित भएको जनताहरूलाई एउटा उपचार गर्न, एउटा आइसोलेसनको व्यवस्था गर्न, गाउँगाउँमा क्वारेन्टाइनहरूको व्यवस्था गर्न र पीसीआरसमेत गर्न नसकेको अवस्थामा केही समयको लागि हामीले यसलाई थाति राखेर यो रोगबाट मुक्त भइसकेपछि शुरुकै दिनदेखि त्यो सुविधाहरू पाउनुपर्छ त्यो उहाँहरूको अधिकार हो मात्र भनेका हौं । र मेरो सभामुख महोदयमार्फत् यो सरकारलाई आग्रह गर्न चाहन्छु। स्थानीय निकायका धेरै प्रमुखहरू, धेरै उपप्रमुखहरू, धेरै उपाध्यक्षहरू दिनानुदिन खटिराखु भएको छ । उहाँहरूसँग छ कि छैन पहुँच ।

उहाँहरूसँग त्यो ताकत छ कि छैन ? उहाँहरूसँग त्यसको कुनै सोच छ कि छैन? तथापी उहाँहरूले आफ्नो गाउँपालिका, आफ्नो वडामा भएका क्वारेन्टाइनहरूमा आफ्नो क्षमताले भ्याए सम्मन त्यही गाउँपालिका, नगरपालिकाको कोषबाट अथवा नभएको खण्डमा धेरै गाउँपालिका, धेरै नगरपालिकाका साथीहरूले चन्दा उठाएर त्यहाँको व्यवस्थापन गर्नुभएको छ । त्यसको जिम्मेवारी केन्द्रीय संघ सरकारको र प्रदेश सरकारको हो कि होइन ? प्रदेश सरकारकले केही टोकनको रूपमा गाउँपालिका, नगरपालिकाहरूलाई त्यो बजेटको व्यवस्थापन गरेको छ त्यो सराहनीय कार्य हो तर मलाई आज सभामुख महोदयमार्फत् प्रदेश सरकारलाई भन्न चाहन्छु । उहाँहरूको तलब त दिनैपर्छ, दिऊला, केही महिनापछि दिउला, यत्रो यत्रो ९ महिना त उहाँहरूले खट्नु भयो भने अझै एक दुई महिना खट्नु होला तर त्यो क्वारेन्टाइन व्यवस्थापन गर्नका लागि, आइसोलेसन व्यवस्थापन गर्नका लागि, पी.सी.आर चाडो भन्दा चाडो जनताहरूको

सेवा गर्नका लागि हामीले अन्य बजेटमा राखेका, विना शीर्षकमा राखेका रकमबाट ८५ वटा गाउँपालिका, नगरपालिकाहरूलाई १० लाखको दरले दिऔं र आजै निर्णय गरौं संकल्प प्रस्ताव गरौं काँग्रेसले त्यसलाई समर्थन गर्छ कि गर्दैन ? त्यो कुरामा जाऊ न अहिले तलब मात्रै होइन, तलब ५ महिनासम्म किन खुवाउनु भएन ? अहिले नै किन खुवाउनु पर्यो हामीले उहाँहरूलाई भन्नुपर्छ तपाईंहरू जनताको लागि आएको हो, जनता अहिले पीडित छन्, यो पीडाबाट जनतालाई मुक्ति दिलाउनु पर्दछ।

त्यसको लागि हामीले तपाईंहरूलाई व्यवस्थापन गर्न तपाईंको गाउँठाउँको जनताहरूलाई क्वारेन्टाइनमा राम्रोसँग बस्नका लागि हामीले पैसा पठाएका छौं भनेर संघसित पनि हामीले लभिङ गरौं । संघसीत माग्ने हामीले अधिकार छ हामीले ५० लाखको दरले भोलि नै पठाई दिऊ न के त्यो हामीले गर्नुपर्ने कर्तव्य होइन ? हामी अभिभावक होइनौं? हामीले अहिले काँग्रेसले के कुरामा मात्र विरोध गरेको छ भने, सबै निकायहरूलाई सक्षम बनाउनुपर्दछ । उहाँहरूलाई उत्तरदायी बनाउनुपर्दछ । तर त्यसमा असमानता लागू गर्नु हुँदैन ।

हामीले यहाँ देख्यौं यस विधेयकमा १२२.७२ प्रसेन्टसम्म कसैको सुविधा बढ्ने, सुविधा दिंदा गोलमटोल तरिकाले दिने त्यहाँ पदाधिकारीहरू भनेको छ तर वडा सदस्यहरूलाई पनि १५ लिटरदेखि १ लिटर मोविल दिएको छ के त्यो मोविल लएर घरमा लगेर दोकानमा बेच भनेर यो सरकारले भन्न खोजेको हो ? होइन भने सिधा भाषामा उहाँहरूलाई पनि यातायातको सुविधा, यातायातको साधनको व्यवस्था गरिने छ भनेर भन्नुपर्योहोइन भने झुक्याउने मेसोमा सरकार जानु हुँदैन । र यसलाई हामीले संशोधन गर्नुपर्दछ ।

यो कुरा हामीले जुन प्रदेश सरकारले निर्णय गरेको कुरा सर्वोच्च अदालतले जुन विषयवस्तुलाई लिएर खारेजी गर्‍यो आज पनि मैले भनें त्यसमा फेरि पनि जानेर या अन्जानबस दोहोरिन गएको छ, कानूनमा उल्लेख भएको छ । कुनै पनि पदाधिकारीहरूले दोहोरो सुविधा लिन पाइँदैन। दोहोरो सुविधा लिएको खण्डमा त्यो स्वतः बदर हुनेछ । फेरि पनि आजको यो विधेयकमा पदाधिकारीहरूले दोहोरो सुविधा लिन मिल्ने गरी बनाइएको नियम फेरि सर्वोच्च अदालतमा गयो भने यसलाई बदर गर्छ कि गर्दैन ? यसले प्रदशे सरकारलाई फेरि अप्ठ्यारो पार्छ कि पार्दैन त्यो हामीहरू यो सदनले जिम्मेवारी लिनुपर्ने हो कि होइन ? यो विषयमा फेरि पनि हामी विधायन समितिमा घनिभूत रूपमा छलफल गरेर यसलाई हटाउनु पर्दछ भन्ने मात्र काँग्रेसको माग

हो । हामीले भन्यौं स्थानीय तह खटेका छौं । हामी पनि खटेका छौं । धेरै माननीयज्यूहरू जानु भएको होला, मुख्यमन्त्रीज्यू पनि भिटिजमा जानु भएको छ । म पनि धेरै ठाउँमा गएको छु । आइसोलेसन बेडमा एउटा बत्तिको व्यवस्था छैन । आइसोलेसनको ट्वाइलेट जान चुक्कुल छैन, आइसोलेसनमा बस्ने गर्मीले फतफती भएको छ हामीले यहाँ गर्मीले फ्यान लगाएका छौं तर आइसोलेसन र क्वारेन्टानइमा बस्नेलाई फ्यान छैन । त्यसको व्यवस्थापन गर्नका लागि, त्यसको श्रोत जुटाइदिने कर्तव्य प्रदेशले मुखले मात्रै भन्ने हो कि व्यवहारले लागू गर्नुपर्दछ अहिले प्रदेश सरकारले, प्रदेशका साथीभाइहरूले खुबै स्थानीय निकायमा पदाधिकारीहरू, वाडअध्यक्ष, वाड सदस्यहरूलाई तलब दिनुपर्छ भन्नुभएको छ उहाँहरूको मर्का के छ ?

उहाँहरूसँग श्रोत छ कि छैन, यहाँहरूले क्वारेन्टाइनमा कसरी म्यानेज गरिराखु भएको छ ? चन्दा उठाउनु भएकोछ कि ? उहाँहरूको हुँदै नभएको खर्च त्यो भोलि बेरुजु पो आउने हो कि ? त्यो कुरामा प्रदेश सरकारले तत्काल सोचेर त्यो कुरामा प्रदेश सरकार अगाडि बढोस् भन्ने मेरो चाहना छ । र यो विधेयकको विषयमा हामीले जसरी सरकारले ल्यायो, ल्याउनु नियम सँगत होइन भनेका छैनौं ।

हामीले धेरै पहिला ल्याउनुपर्दछ भनेर आन्तरिक रूपमा लभिङ गरेका थियौं । तर हामीले अहिले यसको विरोध गर्नुको औचित्य के हो भने जुन समयमा हामीले आफूले खाएको मानालाई, आफूले खाएको गाँसबाट काटेर यो कोभिड-१९ सँग लड्नका लागि समय खर्च गर्नुपर्ने, पहुँच खर्च गर्नुपर्ने बेलामा यत्रो दिन त भइसक्यो अब केही दिनलाई उहाँहरूलाई अन्य सुविधाहरू जसरी उहाँहरूले दिनरात नभनी खट्नु भएको छ । ती खटाइलाई सहज हुने खालको पहुँचहरू पुऱ्याउनका लागि हामीहरू लाग्नुपर्ने ठाउँमा अहिले जनताहरू पीडित भएको बेलामा सबै जनताले यी कुराहरू बुझ्दैनन् । जनताहरूलाई बुझाउनुपर्ने बेलामा हामीलाई लोकतन्त्र बलियो बनाउनु छ।

प्रदेश संघीयतालाई अझै मजबुद बनाउने बेलामा यो बेला भनेको हामीले सेवा सुविधा बढाउनका लागि मात्रै उहाँहरू जानु भएको रहेछ, उहाँहरूले त सेवा सुविधा बढाउनकै लागि हामीले भोट दिएको गल्ती रहेछ भनेर व्यवस्थाप्रति नै वितृष्णा आउने एउटा काँग्रेसले मनन गरेर हामीले यसलाई नदिने भनेका छैनौं । जुन माननीयले यसलाई विरोधको प्रस्ताव दर्ता गर्नु भएको थियो, उहाँले पनि व्याख्या गर्नु भएको छ यहाँ धेरै भ्रमहरू सिर्जना गरिएको छ । २५ गतेभित्र यो विधेयक पास भएन भने तपाईंहरूले

अहिलेसम्म कार्तिकदेखि नपाउनु भएको सेवा सुविधा पाउँदैन भन्नुभएको छ त्यो होइन, हामीले भन्यौं यो सेवा सुविधा कार्तिकदेखि नै पाउनुपर्दछ ।

उहाँहरूको अधिकार हो तर अहिले जनताको सेवा तपाईंहरूले जसरी गरिराख्नुभएको छ त्यसरी नै गर्नका लागि हामी यो आफूलाई जनतासँग माग्नका लागि, जनताले दिएको मतलाई कदर गर्नका लागि आएको हुनाले हामी अझै पनि सहन तयार छौं भन्ने कुरा धेरै स्थानीय सरकारका प्रमुख, उपप्रमुखहरूले भन्नुभएको छ । तर त्यसलाई श्रोत, साधन, व्यवस्था गरेर उहाँहरूले जुन सेवा गर्नु भएको छ त्यो सेवा गर्नका लागि अझै सुविधा बढाओस् र त्यसमा प्रदेश सरकारलाई रकम आवश्यकता छ भने प्रदेश सभासदहरूको तलब केही समयका लागि जुन बेलासम्मान यो कोभिड-१९ को मारमा जनताहरू पर्दछन् र यो प्रदेश पर्दछ । त्यसबेलासम्म हाम्रो सेवा सुविधाहरू सबै प्रदेश सरकारले यो संसदले नै निर्णय गरेर स्थगित गरोस् भन्ने प्रस्ताव राख्दै आफ्नो भनाइहरू अन्त गर्दछु धन्यवाद । जय नेपाल !

**माननीय सभामुख**

माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय हरिशरण आचार्य**

माननीय सभामुखज्यू, संविधानको धारा २२७ अन्तर्गत गाउँ सभा, नगर सभा र जिल्ला सभाका सम्पूर्ण सदस्यहरूको सेवा सुविधासँग सम्बन्धित विषयवस्तुहरूलाई समेटेर ल्याइएको गाउँ सभा, नगर सभा, जिल्ला सभाका सदस्यहरूको सेवा सुविधासँग सम्बन्धित विधेयकको विषयमा हामीले छलफल गर्दाखेरी मलाई लाग्छ हामी यो विषयवस्तुमा जब हिजो मात्रै विधेयकको, विधेयक यहाँ टेबुल गरियो, टेबुल गर्नुभन्दा अगाडि हामीले विरोधको सूचना दर्ता गरेका थियौं ।

त्यो विरोधको सूचनालाई लिएर केही साथीहरूले मलाई फोन पनि गर्नुभयो र तपाईंले विरोध गर्नु भयो भन्ने कुराको सँग सम्बन्धित पनि रह्यो तर मैले वास्तवमा विरोध उहाँहरूले स्थानीय तहका अथवा गाउँ सभा, नगर सभा, जिल्ला सभाका कुनै पनि सदस्यले सुविधा पाउनु हुन्न भन्ने अर्थमा होइन, यो विषयवस्तु हामीले त्यो अर्थमा विरोध गरेको होइन । अहिले यतिबेला कोभिड-१९ को कारणले देशमा आर्थिक रूपमा एउटा संकट पैदा भइराखेको छ र मुलुक एउटा संक्रमणको एउटा आक्रान्त अवस्थामा हामी गुर्जिराखेको यो अवस्थामा हामीले निर्णय गर्दाखेरी कम्तिमा सेवा सुविधालाई जुन रूपमा

थियो । हिजो त्यही रूपमा ग्रहण गर्न सक्ने त्यही अवस्था निर्माण गर्न सक्नुपर्छ त्यसलाई बढाएर गर्ने कुरा यतिबेलाको यो परिस्थति गलत छ भन्ने कुरा हामीले पटकपटक विषयवस्तु उठान गरेका हौं र त्यही विषयवस्तु अन्तर्गत रहेर मैले आफ्ना भनाइहरूलाई दोहोऱ्याउन चाहन्छु । र आज हामी यसो हेर्दाखेरी यो संघीयता धेरै खर्चिलो भयो भनेर हिजो संघीयताको विरोध गर्नेहरू, हिजो पञ्चायती विरोधीहरू नदी किनारमा छट्पटाएर फेरि चिच्याइरहेका छन् ।

आज मैले यो पनि अनुरोध गरिराखेको छु । आज यो संघीयताको निमित्त कुनै पनि योगदान नगर्नेहरू, यो संघीयता, गणतन्त्रका निमित्त कुनै पनि योगदान नगर्नेहरू फेरि आज मैले यो संघीयताका निमित्त लडेको, मैले गणतन्त्र ल्याएको भनेर स्वामित्व ग्रहण गर्न सबैभन्दा अग्रभागमा लागेर हिँड्दाखेरी मलाई घृणा लागेर आउँछ । आज हामीले ल्याएको गणतन्त्र आज हामीले ल्याएको संघीयता आज हामीले यति धेरै खर्च गर्नका निमित्त होइन, यति धेरै सेवा सुविधा लिनका निमित्त होइन, हामी हेर्दाखेरि त आदर्शवादी जस्तो लाग्छ तर व्यवहारमा हामी यो संघीयतालाई साच्चै उपयोग गर्ने छौं हामी साच्चै यो संघीयतालाई ठीक ढंगले लागू गर्दैछौं भने हामी एक पटक हामी जनताको सेवा गर्न कसम खाएका जनप्रतिनिधिहरूले त्यो सोच्न आवश्यक छ । मैले त्यो विषयवस्तुतिस केन्द्रित भएर आफ्नो विरोधको सूचना दर्ता गरेको हुँ । त्यसैले गर्दाखेरि मलाई लाग्छ, यो विषयवस्तुमा कसैले भ्रम पाल्न जरुरी छैन । सरकारले जसरी आज यो, यहाँ भित्र रहेर यो सेवा सुविधालाई निश्चित गरेर अनुसूचीमा पेश गरिराखेको छ र त्यो अनुसूचीमा पेश गरिएका सेवा सुविधाका विषयवस्तुहरू हेर्दाखेरि आज धेरै विवादित पनि छन् ।

प्रदेश सरकारलाई स्थानीय तहले किन मान्नुपर्यो? आज हामीले आफ्नो खाल्टो आफै खनिराखेका छौं । आफू पुरिने खाल्टो आफैं खनिराखेका छौं । त्यसलाई हामीले कुनै मर्यादाको पनि अर्थ राख्दैनौं अनि हामी तल र माथिको कुनै प्रोटोकलको अथवा त्यसको तहको कुनै अर्थ राखेनौं अनि त्यसको सेवा सुविधालाई विन्यास गर्छौं अनि त्यो प्रदेशलाई स्थानीय तहले मानेन भनेर फेरि हामी अर्कोतिर स्थानीय तहको गुनासो गर्छौं किन गर्ने गुनासो ? प्रदेश सरकारलाई किन मान्ने ? त्यो स्थानीय तहले किन मान्ने आज ओभरट्याक गरेर हिँडिरहेको अवस्थामा ? मलाई लाग्छ संघीयता साच्चै हामीले हेरेका छौं भने प्रदेश र स्थानीय तहको ठीक ढंगले समन्वय हुन जरुरी छ कि छैन ?

त्यो समन्वय कहाँनेर भएको छ ? अनि आज हामी यसो हेर्दाखेरी कोभिड-१९ को कारणले गर्दाखेरि बाध्यताले, बाध्यताले स्थानीय तह र प्रदेशको समन्वय भएको छ ।

त्यो भन्दा बाहेक अन्यत्र कहाँनेर समन्वय भएको छ ? एउटा स्थानीय तहको सरकारको, स्थानीय तहले प्रदेश सरकारको एउटा योजना गयो भने, जानकारीसमेत गर्दैन अनि जानकारीसमेत नगरेको त्यो स्थानीय तहले एउटा प्रदेशको एउटा कार्यालय प्रमुखले स्थानीय तहको प्रमुख, उपप्रमुख तथा सदस्यलाई बोलाउन खोज्यो भने उहाँहरूले अटेर गरेर सुनेको नसुन्यौ गरेर फिल्डमा जाँदा पनि जानु हुन्न ।

यस्तो अवस्थामा हामीले समन्वय गर्ने यो खालको प्रावधान हामीले बनाउन पर्छ कि पर्दैन ? मर्यादालाई ख्याल गर्न पर्छ कि पर्दैन ? अनि त्यस पछाडि प्रदेश र स्थानीय तहको यो समदुरीलाई ठीक ढंगले अगाडि बढाउने खालको एउटा व्यवस्थापन हामीले गर्न पर्छ कि पर्दैन ? यसैले यो अहिलेको यो विधेयक यसले समराइज ढंगले, मर्यादा कायम गराएर अथवा प्रदेश र स्थानी तहको एउटा भावात्मक सम्बन्ध विकास गर्ने योजनाका साथ आएको छैन र यसलाई ठीक ढंगले सच्याएर अगाडि बढियोस् भन्ने आग्रह गर्न चाहन्छु मैले । पटक-पटक यो विषयवस्तु भनिराखेको छु ।

दोस्रो कुरा हामी संविधान त हामीले सेवा सुविधा दिने भनेका छौं । २०७६ साल कार्तिक १ गते सर्वोच्चले त्यसलाई खारेज गरिदियो । खारेज गरिदिइसकेपछि यो विधेयक, खारेज गरिदिएको विधेयकमा यसलाई प्रतिस्थापन गरिएको पनि होइन, यो विधेयक संशोधन गरिएको पनि होइन, यो विधेयक अर्को नयाँ विधेयक हो नयाँ सेवा सुविधा ऐन अन्तर्गत ल्याइएको हो भन्ने मेरो बुझाइ हो । आज यहाँ भ्रम अलिअलि थोरै उठ्न खोजिराखेको छ । म सभामुख मार्फत् म के पनि जानकारी गराउन चाहन्छु भने आज हामी सर्वोच्च अदालतले खारेज नगरिदिएको भए हिजोकै कुरालाई लागू गर्थ्यौं होला।

सर्वोच्च अदालतले खारेज गरिदिइसके पछाडि यो असंवैधानिक छ भने पछि यो ऐन विपरित छ भने पछि हामीले त्यसलाई फेरि अर्को नयाँ ऐन ल्यायौं र अर्को नयाँ कानून बनाएर अनि सेवा सुविधा दिनुपर्ने एउटा बाध्यात्मक परिस्थितिमा आएका हौं । त्यसो भएको कारणले अहिले हामी यो नयाँ टेबुल गरेर सरकारले नयाँ ढंगले पेस गरिरहेको छ भन्ने मलाई लाग्छ । यो विषयवस्तु फेरि विवादित छ । यसलाई विवादमा तान्ने काम सरकार आफैंले गरिराखेको छ अरु कसैले गरिदिएको होइन, के हामी माननीयले गरेका हौं ? हामीले गरेका हौं ? के विपक्षीहरूले गरेका हुन् ? सरकार आफैंले गरेको कुरालाई मलाई अचम्म लाग्छ । सत्ता पक्षका माननीयहरू ठीक छ भने पनि तालि पिट्ने ठीक छैन भने पनि तालि पिट्ने यो परिस्थिति कहिलेसम्म रहन्छ अनि यसो मलाई

अचम्म लाग्छ । हामी अन्धभक्त होइन, हामी सिर्जनशील बनौं । नेपालको राजनीतिक परिस्थितिमा फेरि एक पटक नयाँ घटनाक्रमको विशेष परिस्थिति निम्तिदै छ । त्यसका निमित्त स्वागत गर्न चाहन्छु धन्यवाद नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्यहरू अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनलाई अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमान**

माननीय सभामुख महोदय, गाउँ सभा नगर सभा र जिल्ला समन्व्य समितिका सदस्यले पाउने सुविधासम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक माथि माननीय सदस्यज्यूहरूबाट सुझावहरू र आफ्ना प्रतिक्रियाहरू राख्नुभएको सन्दर्भमा जवाफ दिन म यो रोष्टममा उपस्थित भएको छु ।

हामीलाई थाहा भएको कुरा, हामी आफैंले स्थानीय तहको सेवा सुविधाका सन्दर्भमा ऐन, त्यो सम्बन्धी ऐन स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७४ पारित पनि गरेको भलै त्यो ऐन सर्वोच्च अदालतबाट त्यसलाई खारेज गरिदिएको सन्दर्भमा हामी फेरि अर्को ऐन, अर्को विधेयकका साथ उहाँ उभिएका छौं र मैले सन्दर्भ किन राखे भने, स्थानीय तहका सदस्यहरूलाई, पदाधिकारी सदस्यज्यूहरूलाई सेवा सुविधा दिनुपर्छ भन्ने बारेमा हामी लामै बहस गरेर त्यसबारेमा सहमत भएरै हामीले त्यो ऐन पारित गरेका थियौं । र हामीले त्यतिबेला बहस गरेको मलाई अहिले पनि सम्झना भइराख्या छ कि उस्तै प्रकृतिको काम गर्ने, हामी तीन तहको संघीयता कार्यान्वयन गरिराखेका छौं ।

माथिल्ला, माथिल्ला भन्न अझ नमिल्ला परतिरका मलाई त परतरिका शब्द पो मिल्छ कि भन्ने लाग्छ । दुईटा तहका पदाधिकारी एवम् सदस्यहरूले सेवासुविधा पारिश्रमिक लिन मिल्ने त्यही प्रकृतिको काम गर्ने स्थानीय तहका सदस्यहरूले त्यो सेवा सुविधा लिन नमिल्ने यस्तो पनि हुन सक्छ ? यो प्राकृतिक न्यायको सिद्धान्त भित्र पर्छ ? यसैले हामी बहस गरेका छौं ।

यो प्राकृतिक न्यायको सिद्धान्त भित्र पर्दैन । हामीले उही प्रकृतिका काम गर्ने दुई तहकाले पारिश्रमिक भनेरै लिन मिल्ने तर स्थानीय तहकाले पारिश्रमिक भनेर लिन किन

नमिल्ने ? भन्ने सम्मको बहस त हामीले गऱ्यौं । तर पनि संविधानमै यी दुई तहले संघ र प्रदेशले पारिश्रमिक भनेर लिन मिल्ने स्थानीय तहले पारिश्रमिक भनेर लिन नमिल्ने सुविधा भनेर लिन मिल्ने भन्ने उल्लेख भएको कारणले हामीले सुविधा नै भनेर त्यो ऐन बनायौं । तर त्यहाँ हामीले त्यसलाई सुविधालाई हामीले मासिक बनाएको कारणले त्यसैलाई देखाएर त्यो खारेज गरिदिएको छ । र पनि मैले अरु धेरै यस विषयमा छलफल त गरिराख्नुपर्छ भन्ने लागेको छैन ।

हामी यस विषयमा सुविधा दिनुपर्छ भन्ने कुरामा हामी सहमतै थियौं। र अहिले त्यही रूपमा हामीले दिन नसके पनि तर यो फैसला मै सर्वोच्च अदालतको फैसलामा नै के उल्लेख भएको पायौं हामीले भने तर पदाधिकारी वा सदस्यले निर्वाह गर्नुपर्ने भूमिकालाई ध्यानमा राखि विभिन्न शीर्षकमा प्रदेश कानून बमोजिम सुविधा दिन सकिने भनिएको कारणले हामीहरूले यो विधेयक ल्याएका हौं । यसकारण अब उहाँहरूले सुविधा पाउनु हुन्छ कि पाउनु हुँदैन भन्ने बारेमा मैले धेरै स्पष्टिकरण दिइराख्नुपर्दैन । हामी सबै हिजो पनि हामी सहमत भएकै हौं र यसमा पक्कै विवाद छैन ।

अब कुरा के हो भने, अब यहाँ यो सन्दर्भमा हामीहरूले उहाँहरूको भूमिकालाई नै ध्यान दिएर त्यस्ता शीर्षकहरू बनाएका छौं । उहाँहरूले निर्वाह गरिराखेको भूमिका अनुसारकै शीर्षक बनाएर एउटा निश्चित रकम पुग्ने गरी विभिन्न शीर्षकमा ती रकमलाई बाँडेर यहाँ प्रस्तुत गरेका छौं । त्यसकारण यसो हेर्दा अब यहाँ मर्यादाक्रमको कुरा पनि आयो त्यो मर्यादाक्रम अनुसार मिल्दैन भन्ने कुरा एउटा पाटोबाट मात्रै हेरियो । अर्को पाटो के हो भने उहाँहरूलाई न्यूनतम रकम कति दिने त ? कति दिंदा उपयुक्त हुन्छ भन्ने आधारमा नै यो ल्याइएको छ । त्यसलाई टोटल गरेर त्यसलाई सबैलाई जोड्दा कति हुन्छ भन्ने कुरातिर पनि ध्यान दिनका निम्ति म सभामुखमार्फत् माननीय सदस्यहरू समक्ष अनुरोध गर्न चाहन्छु । र यसले हिजै पनि हामीले छलफल गरेको कुरा हो ।

अघिल्लो ऐन पारित गर्दा पनि हामीले छलफल गरेको कुरा हो । कि यो विधेयक सुविधा बढाउनका निम्ति, सेवा सुविधा बढाउनका निम्ति मात्रै ल्यायौं कि नियन्त्रण गर्न पनि ल्यायौं ? भन्ने बारेमा हिजो पनि हामी छलफल गरेका थियौं । र यसले त्यसलाई मेरो सुविधा बढी छ र मेरो पालिकामा धेरै आम्दानीका श्रोत छन् त्यसकारण म धेरै लिन्छु भन्न पाउँदैन त्यसलाई यसले रोकेको छ । त्यसकारण यो कानूनद्धारा निर्धारण गरिएको सेवा सुविधामात्रै लिन पाउने हो यो पनि बढीमा हो यो भन्दा बढी लिन पाईंदैन तर घटि भने लिन पाइन्छ । यो कुरा पनि यहाँ व्यवस्था गरेको छ हाम्रो

आम्दानी आयश्रोतको आधारमा कम सेवा सुविधा लिन्छु भनेर निर्णय गर्न पनि स्थानीय तह स्वयम्ले पाउँछन् । यसकारण यो विषयमा पनि पनि त्यति बहस हैन होला भन्ने नै लाग्छ । रहयो अर्को कुरा दोहोरो सुविधाको कुरा खास गरी यातायातको साधन पनि उल्लेख भयो । यातायातको सुविधा पनि उल्लेख भयो । अनि यातायातको निम्ति भोलि पेट्रोल आदिको कुरा पनि उल्लेख भयो । अनि दोहोरो भन्ने कुरा पनि यहाँ उठे अब यो त धारा दफा ४, ३ मै ३ को प्रतिबन्धात्मक वाक्यले यातायात साधन भएकाले मात्रै त्यो पाउने, इन्धन पाउने भनेर त प्रष्ट लेखेकै छ यो दुई वटै सुविधा लिनका निम्ति होइन । अहिले वास्तविक रूपमा यी विविध दफाहरूमै नै स्पष्ट छ ।

त्यसकारण मुख्य विषय यहाँ मैले धेरै चर्चा नगरेर मुख्य विषय के हो त भन्दाखेरि उहाँहरूलाई सेवा सुविधा दिनपर्छ । बरु त्यसलाई अहिलेको सन्दर्भमा के कति दिने, के कति दिंदा उपयुक्त हुन्छ ? भन्ने बारेमा हामीले एउटा प्रस्तावका रूपमा ल्याएका छौं । र हामी फेरि यो सदनमा यसलाई छलफल गर्छौं विधायन समितिमा यसको दफावार छलफल नै हुन्छ यसकारण कहाँ कसरी परिमार्जन गर्नुपर्छ भन्ने कुरा पनि त्यहाँ छलफल हुने नै छ । र हामी साच्चै अब समय सान्दर्भिक वस्तुवादी बनाएर यो विधेयक, रोकिइरहेको विधेयकलाई हामीले पारित गर्ने छौं र यति मैले चर्चा गर्दै जाँदा मलाई एउटा अनुभूति भयो ।

त्यो अनुभूति पनि राखेर विदा मागौं भन्ने लाग्यो । कहिलेकाहीँ नराम्रो गरी फसिँइँदोरहेछ। त्यो नराम्रो गरी फसिँइँरहेको कुरा त विचार नगरी हुन्छ । यसकारण मलाई माननीय सदस्यहरूले जसले विरोधको सूचना दिनुभयो र आफ्नो प्रतिक्रिया पनि राख्नुभयो । विरोधको सूचना दिंदा अलि विचार पुगेन कि ? हुन त अधिकारको कुरा हो, उहाँहरूको अधिकारको कुरा हो । तर त्यसमा विचार नपुगेर त्यसबाट उम्कनका निम्ति निकै मेहेनत गरेर यहाँ बोलिराख्नु भएको मलाई अनुभूति भयो । यसकारण मलाई त लाग्थ्यो, उहाँहरू सबै सहमत हुनुहुन्छ । स्थानीय तहका पदाधिकारीहरूलाई सेवा सुविधा दिनुपर्छ भन्ने कुरामा उहाँहरू सबै सहमत हुनुहुन्छ । फेरि पनि अलि विचार नपुग्दा त्यसमा फस्नुभयो र त्यसबाट उम्कनका निम्ति आफ्नो पक्षमा स्पष्टिकरण दिनका लागि धेरै मेहनत गर्नुपर्यो। अब यसबाट एउटा पाठ त सिक्नैपर्छ भन्ने लाग्छ मेरो सुझावको सन्दर्भमा मात्रै हो तर पनि अन्तरहृदयले यो सुविधा त पाउनैपर्छ भनिराखेको छ र अर्को कुरा यो टेबल गर्ने कुरा हो ढिलो भयो भन्ने सन्दर्भमा पहिल्यै किन ल्याइएन भन्ने सन्दर्भमा पनि मैले अलिकति भन्नैपर्छ । यो शुरुमै टेबल गरौं भन्ने कुरा राखिएको

थियो। शुरुमै टेबल गरौं भन्ने राखिएको थियो। कुरा के भयो भनेदेखि यो वर्खे अधिवेशन, यो बजेट अधिवेशनमा गाको, हामी बजेटको सन्दर्भमा कुरा गर्न गाको अर्को कुरा हत्तनपत्त सेवा सुविधाको विधेयक ल्याए भन्ने पर्ने हुनाले अहिले यो टेबल नगरौं भनियो नगर्ने भए मानिलिऊ त्यो सँग त हामी पनि सहमत थियौं तर त्यसको लगत्तै केही विधेयकहरू टेबल भइसकेपछि यो विधेयक टेबल गर्न पाएको भए आज सायद हामी यो विधेयक पारित गर्ने ठाउँम उभिएका हुन्थ्यौं होला । यसरी पनि यो ढिलो हुन पुग्या छ। अरु ढिलो भएको कुरा त मैले हिजोको सन्दर्भमा पनि राखेकै थिएँ । यसकारण माननीय सदस्यहरूले जुन सुझावहरू दिनुभयो । जुन आलोचना तथा यसबारे सचेत पनि गराउनु भयो त्यसको निम्ति धन्यवा दिँदै आफ्नो भनाई यहीँ टुंग्याउँछु हवस् त धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब यो छलफल यही समाप्त हुन्छ । माननीय सदस्यहरू अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई मिति २०७७ साल असार १८ गते सभामा प्रस्तुत भई सामान्य छलफलसमेत भई गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हरि बहादुर चुमान**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको सम्मानित सभामा मिति २०७७ साल असार १८ गते प्रस्तुत भई मिति २०७७ साल असार १९ गते सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफलसमेत भएको गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ख बमोजिम दफाबार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ

भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।हुन्न भन्ने आवाज सुनिएन तसर्थ गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसमितिले स्वीकृत भएको घोषणा गर्दछु ।

विधेयकमा संशोधन गर्न चाहनुहुने माननीय सदस्यहरूले गण्डकी प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम ७२ घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनसहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ । उक्त विधेयक संशोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असार २३ गते दिनको १ बजेसम्मका लागि स्थगित हुन्छ ।